जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ८, २०७९ साल भदौं २८ गते मंगलबार (Sep 13, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# आउँदै गरेको निर्वाचनमा कस्ता नेतृत्व छान्ने ?

**मोहन कार्की**

काठमाडौं । आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन हुन गईरहेको छ । उक्त निर्वाचनमा कस्तो नेतृत्व छान्ने भन्ने बिषयमा देशभरी बिभिन्न अडकलवाजीहरु भईरहेका छन् भने राजनीतिक पार्टीहरुमा निर्वाचनमा टिकटको लागि हानाथाप र अनुचित कार्य गरेर टिकट हत्याउनेसम्मको काम भएको देख्न थालिसकेको छ ।

नेपालका राजनीतिक पार्टीहरुले कतिपय ठाउँमा गुन्डा नाइकेहरुलाई समेत निर्वाचनमा उम्मेद्वार उठाउने चर्चा बजारमा आएबाट पनि राजनीतिक पार्टीहरुले अनुचित काम गरेको जनताहरुको भनाई आएको छ ।

स्वभाविक रुपमा नेपालमा प्रणाली नै गलत भएका कारण निर्वाचनको वेला धेरै रकम खर्च गर्न सक्नेले मात्र निर्वाचन जित्ने परिपाटी बस्दै गएको हुनाले र गलत मनोबृति बोकेका राजनीतिक पार्टीका नेताहरु मात्र शक्तिमा पुगेको इतिहासले नेपाली समाजमा यस्ता गतिविधि हुनु स्वभाविक नै हो ।

तर राजनीतिक पार्टीहरुको विधान, नीतिमा देश, विकास र समाजको सकारात्मक काम गर्ने नै छ । व्यवहारमा भने गलत प्रबृतिनै हावी




हुदै गएको छ । विगतका परिणामहरुले माथि उल्लेखित बिषयहरु नै देखाउछ ।

यस्तै गलत प्रबृति र प्रणालीको विकास भएको कारणले पनि होला पछिल्लो समय नेपालका जनताहरुले राजनीतिक पार्टीभन्दा स्वतन्त्र उम्मेद्धारहरुलाई बढी रुचाउन थालेका छन् ।

तर यो स्वतन्त्र व्याक्तिलाई छान्नु मात्र विकल्प होइन । उनिहरुका पनि लामो समयका लागि देश विकास गर्ने योजनाहरु देखिदैनन् । देश परिवर्तन हुनको लागि राजनीतिक पार्टीहरुले बनाएका नीति परिवर्तन र कार्यन्वयन महत्वपूर्ण पाटो हुन । यो राजनीतिक पार्टीहरुले मात्र गर्न सक्छन् ।

देशको नीति परिवर्तन गर्नको लागि राजनीतिक रुपमा नै अनुभवि, दक्ष, योग्य, सक्षम व्याक्तित्वहरुले राजनीतिक पार्टीभित्र खारिएका कहिल्यै प्रयोग नभएका फ्रेस नेतृत्वहरु नै खोज्नु पर्ने हो । राजनीतिक पार्टीभित्र त्यस्ता अनुभवि धेरै जनशक्तिहरु छन् । त्यस्ता दक्ष, आनुभवि, सक्षम व्यक्तित्वहरुलाई अवसर दिएको देखिदैन ।

आउदै गरेको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पनि यस्तो सम्भावना कम छ । राजनीतिक पार्टीका बुढा नेताहरुले नै जिल्ला जिल्लाहरुमा टिकटको लागि सिफारिस पठाएका छन् ।

यो आधार हेर्दा पनि पुरानै प्रबृति राजनीतिक पार्टीहरुमा देखिदा पार्टीभित्र रहेका नयाँ पुस्तामा निरासा आउनु स्वभाविक हो । त्यसैले स्वतन्त्र उम्मेद्धारहरु देशमा बढ्ने र कुनै राजनीतिक पार्टीको पनि बहुमत नआउने र विगतको जस्तो खिचडी प्रकृतिको सत्ता सरकार चलाउने तरिकाले नेपालको विकास सम्भव देखिदैन । त्यसकारण नेपाली जनताले चाहेको खोजेको परिकल्पना गरेको जस्तो साशन

बाँकी ६ पृष्ठमा

# प्रगतिशील युवा संघ नेपालको अध्यक्षमा खाती

काठमाडौ । प्रगतिशील युवा संघ नेपालको राष्ट्रिय भेला यहि मितिः २०७९ साल भाद्र २४ र २५ गते काठमाडौस्थित नेकपा(माले)को केन्द्रीय कार्यलयमा आयोजनना गरी सम्पन्न भएको छ । कार्यक्रमकोको अध्यक्षता प्रगतिशील युवा संघ नेपालका अध्यक्ष दिनेश खातीको अध्यक्षतामा र नेकपा मालेका माहासचीव सिपी मैनालीको प्रमुख अतिथि, र स्थाई कमिटी सदस्य तथा जवस प्रमुख कुमार वेलवासे, दिनानाथ घिमिरेको अतिथिमा कार्यक्रम भएको हो ।




कार्यक्रमलाई दुई शत्रमा गरिएको थियो पहिलो शत्रमा उदघाटन र दोस्रो शत्रमा बन्द शत्र गरी कार्यक्रम सम्पन्न भएको छ ।

यो भन्दा आगाडी खाती संयोजकत्वमा मोहन कार्की सह संयोजक, उदिम खड्का सह संयोजक, दिपेन्द्र चौलागाई महासचीव, बसन्त पाण्डे कोषाध्यक्ष र हेका थिए । पुराना केहीलाई फेर बदल गरेर भेलाले आगामी १ बर्षमा राष्ट्रिय सम्मेलन गर्ने गरी दिनेश खातीको अध्यक्षतामा ५ सदसीय सचीवालय र २५ सदसीय केन्द्रीय कमिटी बनाएको छ ।

बाँकी ६ पृष्ठमा

# आत्महत्या रोकथामका लागि स्वदेश फाउण्डेशनको प्रयास

काठमाडौं । विश्व आत्महत्या रोकथाम दिवस १० सेक्टेम्बरका अवसरमा स्वदेश फाउण्डेशन नेपालले राजधानीको पिंगलास्थानमा रहेको नेपाल फिल्म क्याम्पसमा एक अन्तक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथी स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्री हिराचन्द्र केसीले आत्महत्या रोकथामका लागि जनचेतनामुलक कार्यक्रमलाई देशका सवै जिल्लाहरुमा पुऱ्याउनु पर्नेमा जोड दिएका छन् ।

मन्त्री केसीले अहिले पनि देखासेकि , सामाजिक परिवेश , आर्थिक कारणले गर्दा मानिसहरुले आत्महत्या गरिरहेको अवस्था रहेको बताएका छन् । स्वास्थ्यसेवा प्रदायकहरूले आत्महत्याको खतरा सूचक लक्षणहरूको पहिचान गरी व्यवस्थापन गर्नमा एकभएर अघि बढ्न जरुरी भएको मन्त्री केसीले बताए ।

स्वास्थ्यसेवा प्रदायकहरूले आत्महत्याको खतरा सूचक




लक्षणहरूको पहिचान गरी व्यवस्थापन गर्नमा एकभएर अघि बढ्न जरुरी भएको र आत्महत्या लक्षण देखिनासाथ सम्बन्धित व्यक्तिलाई उचित शारीरिक, मानसिक परामर्श दिनु पर्ने , व्यक्ति, परिवार, समाज, राष्ट्र र पुरा विश्व एकजुट भएर यो समस्या विरुद्ध लाग्नु पर्नेमा मन्त्री केसीले जोड दिए ।

यसैगरी अन्तक्रिया कार्यक्रमकी सभापति तथा स्वदेश फाउण्डेशन नेपालकी अध्यक्ष गंगादेवी उप्रेतीले सरकारले १२ कक्षा पास गरेका विद्यार्थीहरुलाई विदेश उच्च शिक्षा अध्ययन गर्न जान रोक लगाउनु पर्ने , नेपालमा खुलेका कन्सलटयान्सीहरुले विद्यार्थीहरुलाई सही जानकारी नदिने, त्यहाँ विदेशमा गएर काम सजिलै पाइन्छ भन्ने भ्रमले विद्यार्थीहरु त्यता आकर्षित हुने तर त्यहाँ गएर पढाईसंगै कामको तनाब भएर धेरै विद्यार्थीले विदेशमै आत्महत्या गर्ने गरेको बताउँदै सरकारले विदेश विद्यार्थी पठाउने कन्सल्टयान्सीहरुलाई निगरानीमा राख्नु पर्नेमा जोड दिए ।

सो कार्यक्रममा त्रिभुवन विश्व विद्यालयका मनोविज्ञान विभागका विद्यार्थीद्धय नम्रता सिंह र रुसु कटटेलले स्वघात प्रति सामाजिक मनोविज्ञानको दृष्टिकोण विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने ओम अस्पतालकी प्राध्यापक शुस्मिता नेपालले स्वघात प्रति जनस्वास्थ्यको

बाँकी ६ पृष्ठमा

# नेशनल लाईफ इन्स्योरेन्सले सिन्धुपाल्चोकमा पुगेर गर्यो सहयोग


काठमाडौ । मिति २०७९ भाद्र १८ गते, सुनकोशी गाउँपालिका र एक एकपाईला फाउण्डेसन बिचको सहकार्यमा संचालित एक एक पाईला ठोकर्पा आधारभूत अस्पतालमा दाता सम्मान तथा अभिनन्दन कार्यक्रम सम्पन्न गरेको छ ।




सुनकोशी गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष कुमार शाहीको मूख्य आतिथ्य तथा एक एक पाइला फाउण्डेसनका अध्यक्ष डा. सुमन शम्सेर थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा करिब १५० जनाको सहभागिता रहेको थियो ।

सो अवसरमा नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा उक्त भेगमा बसोवास गर्ने जनताले सर्व सुलभ स्वाश्थ्य सेवा प्राप्त गर्न सकोस भन्ने उदेश्यले सो परियोजना

बाँकी ६ पृष्ठमा



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’- *मोहन कार्की*

## सम्पादकीय

# डेंगुको नियन्त्रण गर्न फोहोरको व्यवस्था गर

काठमाडौं उपत्यकाको डेंगुको संक्रमण डरलाग्दो अवस्थामा फैलिएको छ । डेगु फैलनुको मुख्य कारण उपत्यकामा ४ महिनादेखि थुपारिएको फोहोरको दुगन्ध र ति र्दुगन्धमा धेरै भन्दा धेरै लामखुट्टे उत्पादन भई फोहोरमा बसेका लामखुट्टे मानिसमा आई टोक्दा त्यो लामखुट्टेले टोकेका मानिसहरुलाई डेगु लागेको र नदी आसपासका क्षेत्रहरुमा इनार, पम्पवाट निकालिएका पानीमा खोलाको फोहोर पानी ओभरफ्लो भयर खानेपानीमा मिसिएको कारणलाई स्वस्थ्य विभागले मुख्य कारणको रुपमा लिएको छ ।

यस्ता समस्याहरु आइसकेपछि काठमाडौ, भक्तपुर, ललितपुर जिल्ला जनस्वास्थ्य कार्यलयहरुले यस्ता रोगसँग लड्न सबै खालका उपायहरु अपनाएका छन् । तर डेगुको नियन्त्रण हुन सकेको छैन । फैलदै गएको छ । निउनिकरण भएको छैन । यो समस्या काठमाडौमा ४ महिनादेखि थुप्रिएको फोहोर राम्रोसँग ब्यवस्थापन नगरुन्जेलसम्म समस्याको सावधान नहुने सम्बन्धित निकायहरुले बताउदै आएका छन् ।

सामान्य सावधानका उपायहरु अपनाइए पनि फोहोर ब्यवस्थापन नगरेसम्म डेंगु, झडा, पखाला जस्ता समस्याहरु काठमाडौ महानगरपालिका र यसका आसापासका क्षेत्रहरुमा कमी आउने देखिदैन । केही हप्ता अगाडी देखि उपत्यकाको फोहोर उठाउन थालिएको भएपनि त्यसले अहिलेसम्म पुर्णत पाइसकेको छैन । अहिले पनि सडकका पेटीहरुमा चोकमा फोहोरको थुप्रो रहेका छन् । कतिपय चोकमा विगत चार महिना अगाडी देखि आफ्नै घरमा केमिकल प्रयोग गर्न जान्ने जतिले घरमै राखेका फोहोरहरु अहिले चोक चोकमा ल्याई फाल्न थालेका छन् । यसो गर्नु कारण टोलटोलमा फोहोर लिन आउने र पैसा उठाउन महिनै पिछे आउने ठेकेदारहरुले अझै फोहोर उठाउन टोलटोलमा आएका छैनन् ।

यस्ता फोहोरहरुले नजिकिदै आएको नेपालीहरुको मुख्य पर्व विजया दशमीको समयमा रोग फैलाउने सम्भावना बढी छ । नेपालीहरुले दशैंका केही तिथिहरुमा बिभिन्न मठमन्दिहरुमा बलि दिने प्रचलन छ । जाहा बलि दिएपछि सार्वजानिक स्थलमा नै प्रसाद पकायर बाँड्ने चलन छ । सार्वजानिक स्थलमा अर्थात खुल्ला ठाउँहरुमा फोहोरका किटाणुहरु आउने प्रसादको रुपमा प्रयोग गरिने खानेकुरामा किटाणु टासियर मानिस खाएका खानेकुरावाट पेटमा पुगेर मानिसलाई रोग लाग्ने सम्भावना बढेर गएको छ ।

त्यसैले दशैभन्दा अगावै सम्बन्धित निकाय महानगरपालिकाले फोहोरको ब्यवस्थापन प्रथामिकतामा राखेर काम गरोस् । उपत्यका बासीहरुको मौलिक संस्कृति, चाड पर्वको आस्था, विश्वसलाई संक्षण र सम्बर्धन गर्न र नागरिकहरुको स्वस्थ्य सुरक्षा गर्न महत्वपूर्ण भुमिका खेल्नुपर्छ । त्यो काम एक्शनको रुपमा रुपमा लागेर जनस्वस्थ्यमा समस्या आउन नदिन काम गरोस् । तदारुकताका साथ यो फोहोर ब्यवस्थापनको काम नगर्ने हो भने अरु पनि रोगहरुले महानगरपालिकालाई सताउन सक्छ । बालेन्द्रले काठमाडौ महानगरका जनतासँग फोहोर ब्यवस्थापन र खानेपानी, ढलको बाचा गरेर निर्वाचनमा गएको हुनाले फोहोर ब्यवस्थापन हुन नकसेकमा जनस्वस्थ्यमा असर त नागरिकहरुमा पर्छ नै मेयर बालेन्द्र पनि असफलको कालो टिका लगायर ५ बर्षमा बिदा हुनुपर्ने दिन आउछ । त्यसकारण समयमा नै ध्यान दिनु उचित होला ।

# भ्रष्टाचाररहित निजामती प्रशासनको खाँचो

विश्वनाथ खरेल

शासन व्यवस्थाको स्वरूप प्रजातान्त्रिक र सहज रूपमा घरदैलोमा पाउँदा यसप्रति समाजको सम्मान, विश्वास र भरोसा बढेको हो

विश्वमा प्रशासनिक सुधारका नयाँ( नयाँ अवधारणा, सोच र सिद्धान्तको विकास भइरहेको छ । तर, त्यस्ता नवीन अवधारणा, सोच र सिद्धान्त नेपालमा भित्र्याउन सकिएको छैन । फलतः नवीन अवधारणा तथा सिद्धान्तको विकासका लागि सरकारले नै व्यवस्थित रूपमा उच्चस्तरीय तालिम र प्रविधिले कर्मचारीलाई प्रशिक्षित पार्र्नुपर्छ । यसरी, वैज्ञानिक र प्रविधियुक्त जनशक्ति विकासका लागि सरकारले नै विशेष कार्यक्रम सञ्चालन गर्न सक्नुपर्छ । मूलतः मुलुकमा शासनसत्ता नै परिवर्तन हुँदा पनि आमराष्ट्रसेवक कर्मचारी यथास्थितिमा नै रमिरहेका देखिन्छन् । तसर्थ, अधिकांशले देशको प्रशासनिक क्षेत्रमा परिवर्तनलाई आत्मसात् गर्न सकेको देखिँदैन । उनीहरूको कार्यशैली जति सकारात्मक र जनमुखी देखिनुपर्ने हो, त्यति देखिन सकेको छैन । यसरी आफ्नो क्षमता र सकारात्मक कार्यशैलीका कारण जनता तथा सेवाग्राहीलाई प्रभावित पार्न प्रशासक चुकेका छन् । यसरी, यस वर्षलगायत आगामी पाँच वर्ष (२०८२ सालसम्म)का लागि नारा तय गरेको छ : ‘व्यावसायिक र सिर्जनशीलः विकास, समृद्धि र सुशासन’ ।

देशको दक्षिणी छिमेकी राष्ट्र भारतमा लामो समयसम्म उपनिवेश कायम गरी दबाबपूर्ण शासन गर्दै आएको अंग्रेजले त्यहाँको कर्मचारीतन्त्रमा एक किसिमको छाप छोडेको थियो । जुन सन् १८५४ को बेलायती कर्मचारी प्रशासनको परिवर्तनबाट प्रभावित थियो । उक्त बेलायती प्रभाव भारत हुँदै नेपाली सार्वजनिक प्रशासनमा समेत पर्न गयो । तुलनात्मक रूपमा भारतको कर्मचारीतन्त्र अहिले पनि संस्थागत, प्रभावकारी, आकर्षक र आफैंमा बलियो मानिन्छ । हाम्रो देशको परिप्रेक्ष्यमा भन्ने हो भने कर्मचारी प्रशासनको विधिवत सुरुवात २००७ सालको राजनीतिक परिवर्तनपश्चात् १ आसार २००८ मा लोकसेवा आयोगको गठन भएपछि भएको हो । यसलाई २०१३ सालमा निजामती सेवा ऐनबाटै कानुनी रूपमा व्यवस्थित पारिएको हो । त्यसभन्दा अगाडि शासन व्यवस्थामा सेना, कर्मचारी र न्याय प्रशासनबीच स्पष्ट दायरा कोरिएको थिएन ।

फलतः राजनीतिक परिवर्तन, समाजमा आएको खुलापन, बढ्दो जनअपेक्षा र शासकीय स्वरूपमा आएको परिवर्तनले निजामती प्रशासनलाई दबाब पर्न गयो र जनताको घरदैलोको सरकारका रूपमा कर्मचारी प्रशासनलाई समाजले स्वीकारी यसलाई दुइवटा आयाममा हेर्न थालियो । पहिलो, शासन व्यवस्थाको स्वरूप प्रजातान्त्रिक र सहज रूपमा घरदैलोमा पाउँदा यसप्रति समाजको सम्मान, विश्वास र भरोसा बढेको हो र दोस्रो, लामो समयदेखि केन्द्रीय र हुकुमी शासनबाट शासित जनसाधारणले यस प्रकारको कर्मचारी प्रशासनलाई सोही प्रकारको शासन व्यवस्थाको विकेन्द्रित र बदलिँदो स्वरूपका रूपमा मात्र बुझेको हुनाले कर्मचारी प्रशासनप्रति यद्यपि एक किसिमको त्रास र मनोविज्ञानबाट ग्रसित थियो ।

राष्ट्रको स्थायी सरकारका रूपमा रहेको निजामती प्रशासन सक्षम, सबल, सुदृढ र इमानदार नबनाउँदासम्म देशको समग्र विकास सम्भव छैन । तसर्थ, प्रशासनिक क्षेत्रमा साँच्चै परिवर्तन गर्ने हो भने सानोतिनो प्रयासले सम्भव छैन । यस क्षेत्रका तमाम चुनौतीलाई चिर्दै अगाडि बढ्न नसक्ने हो भने प्रशासनिक सुधार कोरा कल्पना मात्रै साबित हुन्छ । तसर्थ, निजामती प्रशासन भित्रका विद्यमान समस्या समाधान गर्दै अघि बढ्नु आजको टड्कारो आवश्यकता हो । खासगरीकन देशमा शासन सत्ता नै परिवर्तन हुँदा पनि आमराष्ट्रसेवक कर्मचारी यथास्थितिमा नै रमिरहेका देखिन्छन् । अधिकांशले मुलुकको परिवर्तनलाई आत्मसात् गर्न सकेको देखिँदैन । उनीहरूको कार्यशैली जति सकारात्मक र जनमुखी देखिनुपर्ने हो, त्यति देखिन सकेको छैन । यसरी, आफ्नो क्षमता र सकारात्मक कार्यशैलीका कारण जनता तथा सेवाग्राहीलाई प्रभावित पार्न प्रशासक चुकेका छन् ।

यसले गर्दा जनतामा निजामती सेवाप्रति खासै आस्था र विश्वास पैदा हुन सकेको छैन । तर, प्रत्येक सरकारले प्रशासन सुधारका लागि विज्ञहरूको सुझाव लिने काम नियमितजस्तै भएको छ । यसमा सरकारी खर्च अन्धाधुन्धा बढाउने, सरकार टिकाउन मन्त्रीहरूको संख्या बढाउने उद्देश्यले मन्त्रालयको संख्या वृद्धि गर्ने, प्रत्येक वर्ष निजामती सेवा ऐन र नियममा संशोधन गर्ने, पदोन्नतिका आधारहरू व्यक्ति विशेषलाई लक्ष्य गरी तयार पारिने, उपयुक्त व्यक्तिलाई अनुपयुक्त पदमा सरुवा, पदस्थापन गरिने, आफैंले बनाएको कानुन आफैंले पालन नगर्ने जस्ता प्रक्रियाहरू हाम्रो राजनीतिक नेतृत्वका दैनिकीजस्तै भएका छन् । हालसम्म प्राप्त विज्ञका सिफारिस’दयगतमा विश्लेषण गरी कार्यान्वयनमा जाँदा उत्पादक देखिने जति कार्यान्वयनमा लैजाने र कार्यान्वयन गर्न नसकिने जति सिफारिसलाई सोही निर्णय गरी राष्ट्रको सम्पत्तिका रूपमा संस्थागत स्मरणमा राख्ने प्रयास हामीले गर्न सकेका छैनौं ।

अतः राज्य भनेको आफैंमा कुनै छुट्टै कुरा नभई हामीले चुनेर पठाएका प्रतिनिधिहरू र तिनका जनताप्रतिको अभिभारा बहन गर्ने निकाय हो, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका मिलेर राज्यका लागि चाहिने नियम कानुनको निर्माण, त्यसको पालना अनि कानुनविपरीत गर्नेहरूलाई दण्डसजायको व्यवस्था गर्ने गर्छन् । यसरी, राज्य चलाउनमा चौतर्फी हात जनताको हुने कुरा प्रजातान्त्रिक अभ्यासले सुनिश्चित गरेको भए पनि नेपालको हकमा धेरैजसो सामान्य जनता सहज प्रशासन अनि सुलभ राज्यको पहुँचमा छैनन । त्यसरी नै संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा नेपालीको औसत आयु वृद्धि भएको, न्याय, स्वास्थ्य र प्राध्यापन सेवामा ५८ भन्दा माथि उमेर हद रहेको तथा अन्तर्राष्ट्रिय अभ्याससमेतलाई ध्यान दिएर कर्मचारीको अवकाशको उमेर हद वृद्धि गर्ने प्रस्ताव गरिएको थियो ।

सोही दफामाथिको छलफलमा सांसदहरूबीच कर्मचारीको अनिवार्य अवकाशको उमेर हद ६० वर्ष कायम गर्न सहमति जुटेको हो । यसरी, नेपालमा औसत आयु बढेको र छिटो अवकाश हुँदा पेन्सनबोझ राज्यलाई बढ्ने तर्क तथा सार्क मुलुकहरूको प्रचलनलाई समेत ध्यानमा राखेर अवकाशको उमेर हद बढाइएको हो ।

एकैपटक सबैलाई ६० वर्षे उमेर हद लागू गर्दा बढुवामा असर पर्ने, नयाँ भर्ना रोकिने र निवृत्तिभरणमा बढी भार पर्ने भएकाले सेवामा आउने र बिदाइ हुनेको मात्रा मिलाउन यस्तो प्रतिबन्धात्मक प्रस्ताव गरिएको संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको भनाइ छ । यसका लागि समितिबाट पारित मस्यौदामा २०१८ सालमा जन्मेका कर्मचारी ५८ वर्ष ६ महिना उमेर पुगेपछि, २०१९ सालमा जन्मेका कर्मचारी ५९ वर्ष पुगेपछि, २०२० सालमा जन्मेका कर्मचारी ५९ वर्ष ६ महिना र २०२१ सालपछि जन्मेका कर्मचारीले ६० वर्ष उमेर पुगेपछि अनिवार्य अवकाश पाउने व्यवस्था गरिएको छ ।

समग्रमा भन्नुपर्दा निजामती सेवाको आदर्श र अस्तित्व राज्यसँग प्रत्यक्ष जोडिएको हुन्छ र राज्यले आफ्ना नागरिकलाई आफ्नो उपस्थिति र न्यायमा आधारित प्रशासन प्रदान गर्न निजामती कर्मचारीहरूको भूमिका अतुलनीय हुन्छ । निजामती सेवाको आदर्श र यस क्षेत्रमा अन्य क्षेत्रबाट व्यवहारले सुशासन र प्रशासनप्रति जनविश्वास जाहेर गर्छ । जर्मनीका विश्वप्रसिद्ध समाजशास्त्री एवं दार्शनिक म्याक्स वेवरले कर्मचरीतन्त्र या भनौं निजामतीतन्त्रलाई आफ्ना विभिन्न पुस्तक र विचारमा एकदमै गहन, संवेदनशील र आदर्श कर्मचारीतन्त्रका रूपमा व्याख्या गरेका छन् । सक्षम निजामती सेवाबाट सेवालाई स्वच्छ, पारदर्शी र मितव्ययी बनाउन सकियो भने मात्र सेवाप्रति जनविश्वास बढेर जान्छ । आर्थिक अनियमितता र भ्रष्टाचार सार्वजनिक सेवाका क्षेत्रमा गम्भीर चुनौतीको विषय बनेको छ ।

अतः भ्रष्टाचार न्यूनीकरण अथवा शून्य सहनशीलनाको नारा जति नै लगाए पनि खाने मुखलाई जुँगाले छेक्दैन भनेझैं मुलुकको क्यान्सरका रूपमा प्रशासनभित्र जरा गाडेको भ्रष्ट मनोवृत्तिको जरालाई सदाका लागि उखेल्नु अहिलेको चुनौती हो । यसर्थ, जीवनयापन गर्न पुग्ने तलब भत्ता सुविधा प्रदान गरेर आमराष्ट्रसेवकको मनोवृत्तिमा नै सुधार गर्ने र मनोबल वृद्धि गर्ने, अनियमितता र भ्रष्टाचारमा संलग्न दोषीलाई कडा कारबाही गर्ने, त्यस्ता व्यक्तिलाई राजनीतिक तहबाट संरक्षण प्रदान नगर्ने परिपाटीको थालनी गर्नुपर्छ ।

राजधानी दैनिक

**देशको दक्षिणी छिमेकी राष्ट्र भारतमा लामो समयसम्म उपनिवेश कायम गरी दबाबपूर्ण शासन गर्दै आएको अंग्रेजले त्यहाँको कर्मचारीतन्त्रमा एक किसिमको छाप छोडेको थियो । जुन सन् १८५४ को बेलायती कर्मचारी प्रशासनको परिवर्तनबाट प्रभावित थियो । उक्त बेलायती प्रभाव भारत हुँदै नेपाली सार्वजनिक प्रशासनमा समेत पर्न गयो । तुलनात्मक रूपमा भारतको कर्मचारीतन्त्र अहिले पनि संस्थागत, प्रभावकारी, आकर्षक र आफैंमा बलियो मानिन्छ । हाम्रो देशको परिप्रेक्ष्यमा भन्ने हो भने कर्मचारी प्रशासनको विधिवत सुरुवात २००७ सालको राजनीतिक परिवर्तनपश्चात् १ आसार २००८ मा लोकसेवा आयोगको गठन भएपछि भएको हो । यसलाई २०१३ सालमा निजामती सेवा ऐनबाटै कानुनी रूपमा ब्यवस्थित पारिएको हो । त्यसभन्दा अगाडि शासन ब्यवस्थामा सेना, कर्मचारी र न्याय प्रशासनबीच स्पष्ट दायरा कोरिएको थिएन ।**

**फलतः राजनीतिक परिवर्तन, समाजमा आएको खुलापन, बढ्दो जनअपेक्षा र शासकीय स्वरूपमा आएको परिवर्तनले निजामती प्रशासनलाई दबाब पर्न गयो र जनताको घरदैलोको सरकारका रूपमा कर्मचारी प्रशासनलाई समाजले स्वीकारी यसलाई दुइवटा आयाममा हेर्न थालियो । पहिलो, शासन ब्यवस्थाको स्वरूप प्रजातान्त्रिक र सहज रूपमा घरदैलोमा पाउँदा यसप्रति समाजको सम्मान, विश्वास र भरोसा बढेको हो र दोस्रो, लामो समयदेखि केन्द्रीय र हुकुमी शासनबाट शासित जनसाधारणले यस प्रकारको कर्मचारी प्रशासनलाई सोही प्रकारको शासन ब्यवस्थाको विकेन्द्रित र बदलिँदो स्वरूपका रूपमा मात्र बुझेको हुनाले कर्मचारी प्रशासनप्रति यद्यपि एक किसिमको त्रास र मनोविज्ञानबाट ग्रसित थियो ।**

# १ लाख १५ हजार म्यादी प्रहरीका लागि भर्ना खुल्यो

काठमाडौं । नेपाल प्रहरीले आगामी ४ मंसिरमा तय प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि १ लाख १५ हजार म्यादी प्रहरीका लागि भर्ना खुलेको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार आइतबार भर्नासम्बन्धी सूचना प्रकाशित गरेको छ भने ३० भदौबाट आवेदन लिइनेछ ।

प्रधान कार्यालयले म्यादी प्रहरी भर्ना गर्दा गत स्थानीय तह निर्वाचनमा जिम्मेवारी पूरा गरी घर फर्किएका र पूर्वसुरक्षाकर्मीलाई पहिलो प्राथमिकतामा राख्ने भएको छ । भर्ना प्रक्रियाका लागि गृह मन्त्रालयले म्यादी प्रहरी छनोट मापदण्ड स्वीकृत गरेपछि प्रधान कार्यालयले भर्ना खुलाउने भएको हो । जसअनुसार ६ असोजसम्म भर्नाका लागि दरखास्त लिइनेछ । त्यसपछि १० दिन तालिमको प्रक्रिया अघि बढ्नेछ ।

म्यादी प्रहरी भर्नाको अन्तिम नतिजा आगामी २५ असोजमा सार्वजनिक गर्ने तयारी छ । यसरी भर्ना भएकाको कार्यावधि भने स्थानीय तह निर्वाचनमा जस्तै ४० दिनको हुने जारी भर्ना सूचनामा उल्लेख छ ।

प्रधान कार्यालयले निर्वाचनका लागि ‘१ लाख २० हजार म्यादी प्रहरी आवश्यक पर्ने’ भन्दै संख्या र बजेटसहितको विवरण गृह मन्त्रालयलाई बुझाएको थियो । यसपछि गृहले अर्थ मन्त्रालयसँग स्वीकृति मागेको थियो ।

अर्थ मन्त्रालयले प्रहरीबाट माग भएभन्दा ५ हजार संख्या कम गरेर १ लाख १५ हजार म्यादी प्रहरी भर्नाका लागि स्वीकृति दिएको थियो ।

गत ३० वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा म्यादी प्रहरीमा भर्ना भएर जिम्मेवारी पूरा गरेका म्यादी प्रहरी आगामी छनोट प्रक्रियामा प्राथमिकतामा पर्नेछन् । पुरानाबाट अपुग भएको अवस्थामा नयाँले अवसर पाउनेछन् । स्थानीय तह निर्वाचनमा १ लाख म्यादी प्रहरी भर्ना गरिएको थियो ।

# हुँदा खानेको तहबाट नीति निर्माण गरेर मात्र सम्बन्धित दल र मुलुकको हित हुनसक्छः कृष्ण राना

हो, उसँग पैसा थिएन, बिहान बेलुकाको छाक टार्न मुश्किल थियो ।सानैदेखि न्याय र समानताको लागि निरन्तर संघर्षको अग्रिम मोर्चामा आफूलाई होम्न चुकेजस्तो लाग्दैन उ । चाहे पञ्चायतको अन्त्यको लागि गरिएको संयुक्त संघर्ष होस् वा गणतन्त्रको निम्ति गरिएको संघर्ष, कालापानीको टिङ्करबाट भारतीय सेना फिर्ता गराउन दवाब दिने अभियान,सिमासुरक्षा अभयान वा ऋतिकरोशन काण्ड, आरके मल्कोनी अभिब्यक्ति बिरोध आन्दोलन, महङ्गी बिरोधी लगायत जनसरोकारका विषयका सयौं आन्दोलन, शिक्षकर कर्मचारीका सेवा सुविधा थपको आन्दोलन,शैक्षिक स्तर उन्नत र सुधार, यातायात - स्वास्थ्य लगायतमा विद्यार्थीलाई ५० प्रतिशत छुट हुनुपर्छ भन्ने आन्दनेलन,रोजगारी प्राप्ति सहित नेपालका राजनीतिक दल र न्यायप्रेमी संघ/संगठनले आयोजना गरेको हरेक आन्दोलनको मोर्चामा छुटेजस्तो लाग्दैन उ । अलिअलि शैक्षिक योग्यता पनि त थियो र छ उसँग ।



उसले सहि र गलतको भेद छुट्याउन सक्थ्यो र अझै सक्छ, त्यसैले उसको पछाडि सानै समुह मात्र भएपनि निरन्तर सहि विचारलाई साथ दिन्छ । ठूला नेताकोमा धाउदैन, कसैको खुट्टा मोल्न जान्दैन उसले र त उ सधैं अभावमा जिउन विवश छ । राजनीतिक नियुक्ति, संसदिय क्षेत्रका सुविधाको लागि नेताको नजर उतिर कहिल्यै परेको थाहा छैन । कार्यकर्ता र जनताको बीच नरम र मिजासिलो उ ३० वर्ष पहिले टीबी लाग्दा वा १० वर्ष पहिले मुटुको उपचार गर्न वासाना मझौला रोग लाग्दा पनि जन सहयोगको भरोसामा रहने उसको जीवन कति उराठ र कहाली लाग्दो छ । चाडपर्वमा मीठो खान र नयाँ पहिरनमा अरु साथीसंगीतिर नजर लाउन पर्ने अशक्त कठै उसको जीवन ! समयले यतिधेर फड्को मारिसक्यो तर उसको हालत जहिंको तहिं छ । सन्तानलाई शिक्षा, परिवारका इच्छा त खै कस्तो हाला, मैले के भन्न सक्नु र ! अस्ति पनि बाटोमा भेट भएको थियो, खुट्टा खोच्याउदै हिड्दैथियो, मैले कता हो कमरेड ? भनेर सोधें, नागरिकता विधेयक विरोधी आन्दोलनमा भन्दै माइतिघर मणडलातिर हानिदै थियो ।

दलको नेताको नजरमा कहिले नपर्ने त्यस्ता कार्यकर्ता र आधारभुत तहका जनताको प्रारम्भिक समस्या समाधानको ढोका नखोलेसम्म कहाँका राष्ट्रियता मजबुत हुन सक्छ र ( ? ) अनि कसरी समृद्ध नेपालको कल्पना साकार हुनु र ? हुनेखोने र सुकिलो लाउनेको ठाउँबाट हैन , हुँदा खानेको तहबाट नीति निर्माण गरे सम्बन्धित दल र मुलुकको हित हुनेथियो कि !!!

कृष्ण राना नेकपा (माले)का स्थाई कमिटी सदस्य हुन उनले सामाजिक सञ्जालमा लेखेको विचारलाई समय सान्दर्भिक लागेर महत्व दिएका छौं । स.

# दया फाउन्डेसनकल्चरल भिडियो कन्टेस्ट नेवारी संस्करणको उद्घाटन

काठमाडौ । दया फाउन्डेसनले नेवारी परम्परा, संस्कृति, मुल्यमान्यतामा आधारित बिषय वस्तुहरु झल्काउने सम्वन्धी कल्चरल भिडियो कन्टेस्टको घोषणा गरेको छ ।




उक्त कार्यक्रमको समुद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवन राम श्रेष्ठले गरेका छन् ।

ईन्द्र जात्राको अवसरमा सुरु गरिएको यस प्रतियोगिताका प्रतियोगीहरुले ३ मिनेटसम्मको उल्लेखित बिषयवस्तुमा आधारित भिडियो बनाई प्रस्तुतगर्नु पर्नेछ । उक्त प्रतियोगिताको पहिलो चरणमा २०७९ आश्विन १५ गतेशनिबारका दिन बेलुकी ६ बजे श्यक :भभतष्लन मार्फत प्रतियोगीहरुको छनौट गरिने उल्लेख छ र पहिलो चरणमा छनौट भएका प्रतियोगीहरुहरुले पौष १६ गते भित्र आफुले तयार गरेको भिडियो दया फाउन्डेसनको ईमेल culturalvideocontest@gmail.com मा पठाईसक्नु पर्नेछ । यस प्रतियोगिताको विजेताको घोषणा २०७९ माघ १ गतेका दिन गरिने दया फाउण्डेशनले जनाएको छ ।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथितथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवन राम श्रेष्ठले यस प्रकारको कार्यक्रमले हाम्रो मौलिक परम्परा तथा संस्कृतिको संरक्षण तथा प्रवर्धनका निमित्त एकदमै ठुलो टेवा पुऱ्याउनेर भविष्यमा पनि यस्ता कार्यक्रमहरुको आयोजना गरिनुपर्ने भन्दै जोड दिएका थिए । साथै उनले दया फाउन्डेसनलाई यस्तो उदाहरणीय प्रतियोगिताको आयोजना गरिएकोमा विशष धन्यवाद व्यक्त गरेका थिए ।




उक्त कार्यक्रममा प्रमुख अतिथि लगायत दया फाउन्देशनका अध्यक्ष राजेश बहादुर प्रधान, काठमाडौँ महानगरपालिका अन्तर्गत वडा न १८ का का अध्यक्ष न्हुच्छे काजी महर्जन, वडा न २२ का अध्यक्ष चीनी काजी महर्जन तथा विभिन्न नेवारी समाजका अध्यक्षहरु लगायत सो क्षेत्रका स्थानियको वाक्लो उपस्थिति थियो ।

# प्रधानसेनापति शर्माद्वारा सदैव तयारी अवस्थामा रहन सेनालाई निर्देशन

काठमाडौं । प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्रिय हितको संरक्षण तथा सम्वर्द्धन गर्न सदैव तयारी अवस्थामा रहन नेपाली सेनालाई निर्देशन दिनुभएको छ ।

प्रधानसेनापतिको जिम्मेवारी सम्हालेको एक वर्ष पुगेको अवसरमा आईतबार सैनिक मुख्यालय जंगीअयामा आयोजना गरिएको एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो निर्देशन दिनुभएको हो । सम्बोधनकै क्रममा आगामी मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिनुभएको छ ।

साथै उहाँले नेपाली सेनालाई प्राप्त संवैधानिक जिम्मेवारी उत्कृष्ट रूपमा निर्वाह गर्नुको साथै राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन गर्नका लागि सदैव तयारी अवस्थामा रहन अपिल गर्नुभएको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयद्वारा आईतबार

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## राप्रपाकी रिता माझीले छोडिन् पार्टी

राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट बागमती प्रदेश सभा सदस्यमा निर्वाचित रिता माझीले पार्टी छोडेकी छन् । राप्रपाको केन्द्रीय सदस्यसमेत रहेकी माझीले आइतबार विज्ञप्ति प्रकाशित गरी पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारी सहित साधारण सदस्यतासमेत परित्याग गरेको जनाएकी छन् ।

'भावनाशून्य, विचारहीन राप्रपामा बसिरहन आत्माले स्वीकार नगरेका कारण आजैका मितिदेखि लागू हुने गरि निर्वाचित केन्द्रीय सदस्यसहित राप्रपाको साधारण सदस्य समेत नरहने गरि राजीनामा दिएको छु' उनले विज्ञप्तिमा भनेकी छन् ।

प्रेस बक्तब्य

म राष्ट्रिय प्रजातन्त्र पार्टीको निर्बाचित केन्द्रिय सदस्य एवं बागमती प्रदेश सभाको सदस्यको रूपमा कृयाशिल छु । मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम अनुसार अहिले मुलुकले एउटा बलियो राष्टूबादी प्रजातान्त्रिक शक्ति खोजिरहेको छ । जो मन, वचन र कर्मले राष्टूबादि होस, प्रजातन्त्रको संरक्षणमा कृयाशिल रहोस, धर्म, संस्कृती र पहिचानको रक्षामा खडा होस, आर्थिक बिकास, सुशासन र समृद्धिको लक्ष्य प्राप्तिको दिशामा अघि बढोस । यसको निमित्त फराकिलो छाती, दुरदर्शी चिन्तन, स्पष्ट योजना र कार्यक्रमको आबश्यकता पर्दछ । छरिएर रहेका सबै राष्टूबादी, देशभक्त प्रजातन्त्रप्रेमीहरूलाई समेटेर लैजान सक्ने सक्षम नेतृत्व मुलुकले खोजिरहेको छ । तर दुर्भाग्य अहिलेको आवश्यकतालाई परिपुर्ति गर्ने ढंगबाट राप्रपा अघि बढ्न सकेन । साँघुरो सोच र व्यबहार, अहङ्कार, कुण्ठा अनि पुर्वाग्रह प्रेरित भावनाबाट नेतृत्व तह अघि बढ्नुलाई आम कार्यकर्ताले अस्वभाविक रूपमा लिएका छन् । यस्तो परिवेशमा राप्रपालाई हामिले परिकल्पना गरेको शक्ति निर्माण गर्न असम्भव छ । अहिले राप्रपा बाहिरबाट हेर्दा मोटाएको जस्तो देखिने तर भित्रभित्रै रोगले सुन्निएको अबस्थाबाट गुज्रिरहेको छ । यो सबै घाम जत्तिकै छर्लङ्ग तथ्यलाई बुझेर पनि भावना शुन्य, बिचारहिन राप्रपामा बसिरहन आत्माले स्वीकार नगरेका कारण आजैका मितिदेखी लागू हुने गरि निर्बाचित केन्द्रिय सदस्य सहित राप्रपाको साधारण सदस्य समेत नरहने गरि राजिनामा दिएको छु । अहिलेसम्मको सहयात्राका निमित्त सबैप्रती आभारी छु । रिता माझी, मन्थली, रामेछाप

## वडाअध्यक्ष रुद्रमणि नेवार विरुद्ध महिलाद्धारा प्रहरी कार्यालयमा उजुरी

रामेछाप । उमाकुण्ड गाउँपालिका-७ भुजीका वडा अध्यक्ष रुद्रमणि नेवारको विरुद्ध जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरी परेको छ । गाउँमा भइरहेको एक भेलाको सार्वजनिक कार्यक्रममा वडा अध्यक्ष नेवारले कुटपिट गरेको भन्दै स्थानीय केशरीमाया नेवारले प्रहरीमा उजुरी दिएकी हुन् ।

जिल्ला प्रहरी कार्यालय रामेछापका प्रवक्ता राजु प्रसाद ढकालले वडाअध्यक्ष रुद्रमणि नेवारको विरुद्ध महिलाले आज उजुरी दर्ता गराएको बताए । उनका अनुसार वडाअध्यक्ष नेवारलाई यस विषयमा छलफलको लागि प्रहरी कार्यालयमा बोलाइएको छ ।

## रामेछापमा गठबन्धन उम्मेदवारलाई जिताउनु पर्छः खड्का

रामेछाप । नेपाली कांग्रेस रामेछापका सचिव दिपक खड्काले आगामी निर्वाचनमा गठबन्धनभित्र जसले टिकट लिएर आउने उम्मेदवारलाई जिताउने बताएका छन् । उनले केन्द्रको निर्देशन अनुसार जिल्लामा गठबन्धनमा रहेको जुन पार्टीले टिकट लिएर आएपछि एकताबद्ध भएर जिताउनु पर्ने बताएका हुन् । सचिव खडकाले आगामी प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचनमा पार्टीका नेता कार्यकर्ता एकताबद्ध भएर लाग्नु पर्ने बताउदै पार्टीभित्रको असन्तुष्टि समाधान भएको बताए । जनताको साथमा कांग्रेस अभियान अन्तर्गत उमाकुण्ड गाउपालिकामा नेपाली कांग्रेसले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै खडकाले भने,पार्टी अहिले एकताबद्ध भएको छ, पार्टीभित्र कहिले काही विवाद हुन्छन, विवादको समाधान गर्ने नेतृत्व पनि रामेछापमा छ, अब निर्वाचनमा एकताबद्ध भएर गठबन्धनका उम्मेदवारलाई जिताउन लाग्नु पर्छ ।'

एमालेले पटक-पटक संविधान मास्ने काम गरेकाले अहिले कांग्रेससहितका दलहरुबीच गठबन्धन भएको बताउदै निर्वाचनमा गठबन्धनका उम्मेदवार हनु भएकाले जिताउन कार्यकर्तालाई निर्देशन दिए ।

उक्त कार्यक्रममा महाधिवेशन प्रतिनिधि झपडराज भण्डारी, स्थानीय तह निर्वाचनका कांग्रेस उम्मेदवार जित बहादुर कटुवाल, उमाकुण्ड गाउँपालिकाका उपाध्यक्ष सबित्री सुनुवार लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

## नेपाल दलित मुक्ति मोर्चा रामेछाप नगरपालिका कार्यसमिति गठन

नेकपा माओवादी केन्द्र निकट नेपाल दलित मुक्ति मोर्चा रामेछाप नगरपालिका कार्यसमिति गठन भएको छ। प्रथम भेलाले हिरा बहादुर बिश्वकर्माको अध्यक्षतामा २५ सदस्य कार्यसमिति गठन गरेको हो ।

जसअनुसार उपाध्यक्षमा रामकृष्ण कटुवाल,तेज बहादुर बिक,गोमा नेपाली,सचिवमा दिनेश बिक,सहसचिवमा अशुन बिसुन्के,कोषाध्यक्षमा साने सार्केलाई चयन गरिएको माओवादी केन्द्र रामेछाप नगरपालिकाका नेता एवं दलित अधिकारकर्मी सरोज कटुवालले जानकारी दिनुभयो । उहाँका अनुसार यो कार्यसमितिले रामेछाप नगरपालिकामा रहेका दलितहरुको हक,हित र अधिकारको क्षेत्रमा काम गर्ने छ ।

## चुनाव खर्च विवरण नबुझाउने उम्मेद्वरहरुलाई स्पष्टिकरण

जिल्ला निर्वाचन कार्यालय रामेछापले गत स्थानीय तह निर्वाचनमा भाग लिएर हाल सम्म पनि चुनाव खर्च विवरण नबुझाउने उम्मेद्वरहरुलाई स्पष्टिकरण बुझाउन आग्रह गरेको छ । यसअगाडी कार्यालयले खर्च विवरण नबुझाउने उम्मेद्वारहरुका नामावली सार्वजनिक गरेको थियो । बिहिबार जिल्ला निर्वाचन कार्यालय रामेछापले गोखापत्र दैनिकमा पत्रकाशित सूचना सामाजिका संजालमा राख्दै स्थानीय तह निर्वाचनमा नगर तथा गाँउ कार्यपालिका सदस्यको उम्मेदवार र जिल्ला समन्वय समिति सदस्यहरुले मतपरिणाम आएको ३० दिन भित्र पनि खर्च विवरण नबुझाउनेहरुले जिल्ला निर्वाचन कार्यालयमा आफै उपस्थित भई के कति कारणले समयमा पेश गर्न नसकिएको हो सोको कारणसहित स्पष्टिकरण दिन भनेको हो ।

## मुक्तिनाथ विकास बैंकको घर दैलो कार्यक्रम सम्पन्न

काठमाडौं । जनता बैंकमा हैन बैंक जनतामा जानु पर्दछ भन्ने मुलनारा बोकेको मुक्तिनाथ विकास बैंक लि.ले शनिबार बृहत घर दैलो कार्यक्रम सम्पन्न गरेको छ । ग्राहकहरुमा वित्तीय साक्षरता पुराउन र आफ्नो सेवा, सुविधाहरुको जानकारी तथा खाता खोल्ने सुविधा दिन देशभर रहेको सबै शाखा कार्यालयहरु र केन्द्रीय कार्यालयका कर्मचारीहरुले उक्त कार्यक्रम सम्पन्न गरेका हुन् ।

यस कार्यक्रममा बैंकका अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनका कर्मचारीहरु तथा अन्य सम्पूर्ण



कर्मचारीहरु र केही संस्थापक शेयरधनीहरुको समेत सहभागीता रहेको थियो ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहनगर्न यस विकास बैंकको ATM Card प्रयोग गरी नेपालभरी रहेको VISA Network मा आबद्व अन्य जुनसुकै बैंकको ATM Machine बाट निशुल्क रकमझिक्न सकिने व्यवस्था गरेको छ । त्यसै गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाताखोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मातथामिस्डकल बैंकिङ्ग (बचत सेवाको लागि: ९८०१११००२२, कर्जा सेवाको लागि: ९८०१११००२३)आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थितनभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

## सामाजिक उत्तरदायित्व बहनमा अब्बल नेपाल एसबिआई बैंक

नेपालका बैंकहरुमध्ये अग्रणी स्थानमा रहेको नेपाल एसबिआई बैंक सामाजिक उत्तरदायित्व बहनमा पनि अब्बल रहेको छ । बैंकले विगत देखि नै विभिन्न सामाजिक क्षेत्रमा काम गर्दै आएको छ । बैंकले हालै मात्र अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसर पारेर, सिरहा जिल्लाको फुलवरिया वडा नं ७ मा रहेको जनता आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आफ्नो सामाजिक



उत्तरदायित्व अन्तर्गत स्कुल झोला प्रदान गरेको छ । बैंकले शिक्षा क्षेत्रमा यस खालका कार्यक्रम विगत लामो समय देखी गर्दै आइरहेको छ ।

बैंकले लिएको यस्तो पहलबाट विपन्न परिवारमा सरकारले शिक्षा क्षेत्रमा लिएका विद्यार्थी भर्ना र विद्यार्थीले स्कुल नछोड्ने कार्यक्रममा सघाउ पुग्ने विश्वास लिएको छ। नेपाल एसबिआई बैंकका प्रदेश कार्यालयका प्रमुख लेखनाथ पोखेलले विद्यार्थीहरुलाई झोला वितरण गर्नुभएको थियो ।

सोही कार्यक्रममा उपस्थित अभिभावकहरु बचत, लघु कर्जा, बैंक खातामार्फत विप्रेषण, सहुलियत कर्जा सम्बन्धि वित्तीय साक्षरता समेत प्रदान गरिएको थियो । उक्त कार्यक्रममा बैंकका मिर्चैया शाखा प्रबन्धक सन्दीप उपाध्याय तथा बैंकका अन्य कर्मचारी र सोहि वडाका वडा अध्यक्ष राम दयाल ठाकूर लगायत सो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजु रैका मगर तथा विद्यालयका विद्यार्थीका अभिभावकहरुको उपस्थिति रहेको थियो । नाफा कमाउन सफल बैंक नेपाल एसबिआई बैंकको नाफा ७० प्रतिशतले बढेर एक अर्ब ६३ करोड ८२ लाख पुगेको छ। गत वर्ष बैंकले उक्त नाफा कमाउन सफल भएको हो । बैंकले ९१ शाखा, २१ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, ९ शाखारहित बैंकिङ सेवा, १२९ एटीएमर १ कर्पोरेट कार्यालयमार्फत सेवा प्रदान गर्दै आएको छ ।

## प्रभु बैंकका ग्राहकलाई होटल मानकी इन्टरनेशनल प्रा. लि.मा आकर्षक छुट

प्रभु बैंक लिमिटेड र जनकपुर स्थित होटल मानकी इन्टरनेशनल प्रा. लि. बीच विभिन्न सेवाहरुमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

बैंकका तर्फबाट प्रदेश २ का मुख्य व्यवसाय केन्द्र अधिकारी भुषण प्रसाद गुप्ता र होटल मानकी इन्टरनेशनल प्रा. लि.का तर्फबाट प्रबन्ध निर्देशक



रञ्जन कुमार साहद्वारा उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको हो । प्रभु बैंक र उक्त होटलबीच सम्पन्न सम्झौता अनुसार प्रभु बैंकमा खाता खोली बैंकिङ्ग कारोबार गरिरहनुभएका सम्पूर्ण ग्राहक महानुभावहरुले होटल मानकी इन्टरनेशनलप्रा. लि.द्वारा सञ्चालित फुड र लजिङ्ग सेवामा १५ प्रतिशत छुट प्राप्त हुने भएको छ । उक्त सम्झौता अन्तर्गत होटल मानकी इन्टरनेशनल प्रा. लि.मा सुविधा लिन चाहनुहुने प्रभु बैंकका ग्राहक महानुभावहरुले प्रभु बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग च्यानलहरु प्रयोग गरी भुक्तानी गर्दा, होटल मानकी इन्टरनेशनल प्रा. लि.का उल्लेखित सेवाहरुमा आकर्षक छुट प्राप्त हुने व्यवस्था मिलाईएको छ । यस सम्झौताबाट बैंकका सम्पूर्ण ग्राहक महानुभावहरु लाभान्वित हुनुहुनेछ भन्ने बैंकले विश्वास लिएको छ ।

## ज्योति विकास बैंकद्वारा ५ बिजनेस इन्क्युवेसन सेन्टर स्थापनामा सहयोग

ज्योति विका सबैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको छ । हाम्रो विकास प्रवर्धन कोष मार्फत देशका ५ विभिन्न सरकारी कलेजहरुमा ब्यक्कष्लभककक ऋकअगदवतष्यल ऋभलतभच स्थापना गर्न परियोजनामा सहकार्य गर्नका लागि युथ स्किल ल्याबसंग सम्झौता गरेको बैंकले उल्लेख गरेको छ ।



आइतबार एक कार्यक्रमकाबीच ज्योति विकास बैंकका तर्फबाट बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पारसराज कंडेल र युथ स्किल ल्याबका तर्फबाट स्किल ल्याबका संस्थापक निर्देशक नन्दकिशो रमण्डलले सम्झौता पत्रमा हस्ताक्षर गरेको उल्लेख छ ।

उक्त सम्झौता बमोजिम ज्योति विकास बैंकले ५ वटा सरकारी कलेजमा उद्यमशीलता विकास र प्रवर्धनको लागि ब्यक्कष्लभककक ऋकअगदवतष्यल ऋभलतभच स्थापना गर्न सहयोग गर्ने छ । उक्त ब्यक्कष्लभककक ऋकअगदवतष्यल ऋभलतभच मा विधार्थीहरुले निःशुल्क रुपमा उद्यमशीलता तालिम, विकास र संचालनमा सहयोगको साथै उद्यम सुचारु गर्न लगानीकर्तासंग सहकार्यको अवसर पनि प्राप्त गर्नेछन । सहकार्यको साझेदार युथ स्किल ल्याबले उक्त कार्यक्रम संचालन र व्यवस्थापन गर्नेछ ।

बैंकले संस्थागत रुपमा नै उद्यमशील वातावरण सिर्जना गरी उद्यमशीलताको विकास गर्न, कलेजमा अध्ययनरत विद्यार्थीहरुको नवीन विचारहरूलाई अवधारणाबाट वास्तविक गतिदिन तथा त्यस्ता विद्यार्थीहरुलाई स्वरोजगार उन्मुख बनाई दीर्घकालीन लाभ सिर्जना गर्ने उद्देश्य सहित सो परियोजनामा सहकार्य गरेको हो ।

## एन आई सी एशियाले ग्राहक पहिचानको लागि स्वप्मभय प्थ्क्ष सेवा शुरु गरेको छ

काठमाडौं । 'डिजिटल फस्ट बैंक' बन्ने दीर्घकालीन रणनीति अनुरुप सम्पूर्ण बैंकिङ्ग सेवा तथा सुविधाहरू क्रमिक रुपले डिजिटल माध्यमबाट प्रदान गर्ने अठोट लिएको एन आई सी एशिया बैंकले ग्राहक पहिचान सम्बन्धी विवरण संकलन तथा अद्यावधिक गर्न सकिने Video KYC सेवाको शुभारम्भ गरेको छ ।

बैंकमा अनलाईन खाता खोल्ने स्वदेश वा विदेशमा रहेका ग्राहक महानुभावहरुले




Video Call को माध्यमबाट ग्राहक पहिचान सम्बन्धी विवरण बैंकलाई सहज रुपमा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ । बैंकको वेबसाइट www.nicasiabank.com मार्फत Online बाट खाता खोल्दा ग्राहकहरुलाई KYC विवरण सम्बन्धमा दुइ विकल्प राखिएको छ । जसमा, ग्राहकले आफ्नो KYC आफूलाई पायक पर्ने शाखामा गई उपलब्ध गराउने वा सम्बन्धित बैंक कर्मचारीसँग Video Call गरि उक्त Call मार्फत KYC विवरण अद्यावधिक गर्ने भन्ने विकल्प दिने व्यवस्था गरिएको छ । यदि V–KYC मार्फत आफ्नो V–KYC जानकारी सम्बन्धित बैंकलाई उपलब्ध गराउने हो भने ग्राहकहरुले आफ्नो अनुकुल समय अनुसार सम्बन्धित बैंकका कर्मचारीलाई बैंकको कार्यालय समयमा सम्पर्क गरि Video Call मार्फत आफ्नो KYC विवरण बैंकलाई उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।

बैंकिङ्ग समयमा V–KYC को Video Call को लागि Appointment Book गरि सो समयमा KYC विवरण अद्यावधिक गर्नु पर्ने छ । ग्राहकहरुले V–KYC को लागि Call गर्दा आफ्नो पहिचान खुल्ने कुनै एक पहिचान पत्र (नागरिकता/पासपोर्ट/ड्राइभिङ लाइसेन्स/ Voter Card) तथा सेतो कागज र कालो/निलो मसी भएको पेन आफूसँग राखि बैंक कर्मचारीले माग गरे बमोजिमका विवरण तथा कागजात उक्त ▯▯▯▯▯▯▯▯▯▯ मार्फत देखाउनु पर्ने व्यवस्था छ । Video KYC मार्फत KYC विवरण अद्यावधिक गरे पश्चात् ग्राहकमहानुभावहरुले आफ्नो बैंक खाता पूर्ण रुपमा सञ्चालन गर्न सक्नेछन् । V–KYC मार्फत आफ्ना विवरणहरु अद्यावधिक गरि बढि भन्दा बढि लाभ ग्रहण गर्न बैंकले समस्त ग्राहकवर्गमा बैंकले अनुरोध गरेको छ । नायब प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी) सुधिर नाथ पाण्डेले हस्ताक्षर गरेर पठाएको विज्ञप्तिमा उक्त कुरा उल्लेख छ ।

# अर्थ संसार

## महालक्ष्मी विकास बैंकद्वारा नवराजबहादुर सिंह जेहेन्दार छात्रवृत्ति वितरण

महालक्ष्मी विकास बैंकले कैलालीको धनगढीस्थित श्री त्रिनगर माध्यामिक विद्यालयमा कक्षा ९ मा अध्यनरत छात्रा हीरा जोशीलाई नवराजबहादुर सिंह जेहेन्दार छात्रवृत्ति प्रदान गरेको छ । विभिन्न सातवटा वित्तीय संस्था मिलेर बनेको महालक्ष्मी विकास बैंकको एक महत्वपूर्ण संस्था मालिका विकास बैंकका संस्थापक अध्यक्ष स्व. नवराजबहादुर सिंहको स्मृतिमा स्थापित नवराजबहादुर सिंह जेहेन्दार छात्रवृत्ति धनगढी शाखाका शाखा प्रमुख झंकारबहादुर कडायतले हीरा जोशीलाई हस्तान्तरण गरे। अध्ययनमा उत्कृष्ट तर पारिवारिक आर्थिक स्थिति कमजोर भएकोले हीराको अध्यापनमा सहयोग



पुर्याउने उद्देश्यले ५० हजार रुपैयाँबराबरको छात्रवृत्ति उपलब्ध गराएको बैंकले जनाएको छ । कार्यक्रममा विद्यालय व्यावस्थापनका अध्यक्ष प्रेम बीसीले विद्यार्थीलाई प्रदान गरिने यस्ता छात्रवृत्तिले गुणस्तरीय शिक्षामा टेवा पुर्याउने कुरा जानकारी गराउँदै बैंकले गरेको सहयोगप्रति कृतज्ञता जाहेर गरे। विद्यालयका प्रधानाध्यापक भूपालसिंह खड्काले विद्यार्थी देशका कर्णधार भएकोले गुणस्तरीय शिक्षा अपरिहार्य रहेको उल्लेख गर्दै विद्यार्थीको शैक्षिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । आगामी दिनमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यलाई थप प्रभावकारी रुपमा निरन्तरता दिने बैंकले जनाएको छ। विगतदेखि नै ग्राहकको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिबद्व रहिआएको बैंकले आमग्राहकको बैंकिङ आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर अझै थप गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता जनाएको छ । 'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २८ वर्षदेखि अनवरत रुपले सरल, सहज र गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आइरहेको बैंकले प्रदेश नं १ मा ५, मधेश प्रदेशमा १५, बागमती प्रदेशमा ३७, गण्डकी प्रदेशमा ९, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा २ र सुदूरपश्चिम प्रदेशमा १७ वटा गरी कुल १०३ वटा शाखाहरुमार्फत करिब ६ लाख ग्राहकलाई उच्चस्तरीय वित्तीय सेवाहरु सरलीकृत तवरले प्रदान गर्दै आइरहेको छ ।

## सिन्धु विकास बैंक १३ औं वर्षमा

सिन्धु विकास बैंकले विभिन्न कार्यक्रम गरी आफ्नो १३ औं वार्षिकोत्सव मनाएको छ। बैंकले भदौ १९ गतेदेखि भदौ २४ गतेसम्म विभिन्न कार्यक्रमहरु गरी आफ्नो १३ औं वार्षिकोत्सव मनाएको हो । आफ्नो १३ औं वार्षिकोत्सव यहि भाद्र १९ गते देखि भाद्र २४ गते सम्म सप्ताह ब्यापि रुपमा विभिन्न कार्यक्रमहरु गरी मनाएको छ । बैंकले यस अवसरमा ट्राफिक जनचेतना कार्यक्रम, स्कूल कलेजहरुमा वित्तिय साक्षरता कार्यक्रम, बैंकिङ्ग कसुर तथा



साईबर क्राईम विषयमा सचेतना मुलक कार्यक्रहरु लगायत विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्रीहरु वितरण गरेको छ । यसका साथै बैंकले चितवन, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा जिल्लामा र हेका विभिन्न प्रतिष्ठित मठ मन्दिरहरुको सरसफाई तथा डस्टबिनहरु वितर ण गरी भदौ २४ गते बैंकको कर्पोरेट कार्यालयमा रक्तदान कार्यक्रम गरेको थियो । कार्यक्रममा बनेपा बजार क्षेत्रका स्थानिय बासिन्दा तथा विभिन्न बैंक वित्तिय संस्था एवं अन्य संघ संस्थाका प्रतिनिधिहरु समेत गरी ७५ जनाले र क्तदान गरेका थिए । सिन्धुपाल्चोक जिल्लाकै पहिलो विकास बैंकको रुपमा स्थापित यस बैंकले आफ्नो कार्यक्षेत्र सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन जिल्ला समेत गरी ५ जिल्लाहरुमा २५ वटा शाखा कार्यालयहरु र १ वटा सिमित बैंकिङ्ग ईकाइबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।

## एभरेष्ट बैंक र दराजबीच सम्झौता

एभरेष्ट बैंक र दराजबीच 'दराज दसैं धमाका' महोत्सवका लागि सम्झौता भएको छ । बैंकले नजिकिँदै गरेको दसैंलाई लक्षित गर्दै २९ भदौबाट दराजबाट किनमेल गर्दा कार्ड वाहकहरुलाई आकर्षक छुट हुने विज्ञप्तिमा उल्लेख छ । अनलाइनबाट सामान किनेर डेबिट कार्डमार्फत भुक्तानी गर्दा अधिकतम १५ प्रतिशत वा दुई हजार रुपैयाँसम्म छुट दिने बैंकले जनाएको छ । बैंकका अनुसार क्रेडिट कार्डबाट अग्रिम भुक्तानी गर्दा २० प्रतिशत वा २५ सय रुपैयाँ छुट हुनेछ । बैंकले यस सम्झौताले दराजसँगै एभरेष्ट कार्डवाहक ग्राहकलाई छुट्टै उत्साह थपिने जनाएको छ । स्थापना काल देखिनै ग्राहकहरुको पहिलो रोजाइको यस बैंकमा हालसम्म १२ लाख भन्दा बढी सन्तुष्ट ग्राहकहरु रहेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# नेशनल लाइफले दियो कर्मचारीहरुलाई प्रशिक्षण

कास्की । कास्कीको पोखरामा नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले ३ दिने ऋउयिथभभ क्पर्षी भ्लजबलअभ्रूभलत ध्यचपकजयउ पोखराको ग्राण्डीमा सम्पन्न गरेको जानकारी गराएकी थिइन । सम्मेलनमा विभागिय प्रमुखसहित देशै भरीबाट प्रशासनिक कर्मचारीहरु गरी २०० जना भन्दा बढिको सहभागिता रहेको थियो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत बीमा समितिवाट कर्मचारी दक्षता अभिबृद्धि कार्यक्रम संचालन गर्नु पर्ने निर्देशन प्राप्त भएअनुसार यो कार्यक्रम संचालन गरिएको र आगामी वर्षहरुमा पनि यस्ता कार्यक्रमहरु नियमित सम्वन्धमा प्रशिक्षण प्रदान गराएकी थिइन । नेपाल पूर्नबीमा कम्पनीको पूर्व प्रमुख कार्यकारी अधिकृत चिरायु भण्डारीले कार्यक्रममा जोखिमाङ्कन प्रकृयाको महत्वमा प्रकाश पारेका थिए ।




छ ।

कम्पनीमा कार्यरत प्रशासनिक कर्मचारीको दक्षता अभिवृद्धि गर्ने उदेश्यले सम्पन्न गरिएको उक्त कार्यक्रम कम्पनीका अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहको सभापतित्वमा आयोजना गरिएको थियो ।

सम्मेलनको समुद्घाटन गर्दै अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहले दक्ष कर्मचारीहरुबाट नै उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने भएकोले कम्पनीको कर्मचारीहरुको दक्षता अभिवृद्धिको लागि आवश्यक लगानी गर्दै जाने सुरेश प्रसाद खत्रीले बीमा व्यवसाय प्रतिष्पर्धात्मक हुँदै गाईरहेको वर्तमान स्थितीमा आफ्नो दक्षता, मेहनत र आपसी समन्वयबाट कम्पनीको व्यवसायिक लक्ष्य हासील गरी बीमा बजारमा कम्पनीलाई अग्र स्थानमा पुऱ्याउन मार्केटिङ कर्मचारीहरुको जत्तिकै भुमिका प्रशासनिक कर्मचारीहरुको पनि हुने भएकोले सबैले आ-आफ्नो जिम्मेवारी वहन गर्दै यस सम्बन्धमा अधिकतम प्रयास गर्न उत्प्रेरणा प्रदान गर्ने बताएका थिए ।

प्रमुख कार्यकारी अधिकृत खत्रीले रुपमा संचालन गरिने जानकारी गराएका थिए ।

कार्यक्रममा नियमनकारी निकाय बीमा समितिका निर्देशक सुशील देव सुवेदीले नेपालको बीमा क्षेत्रमा संस्थागत सुशासनको अवस्था र यस सम्बन्धमा नियामक निकायवाट भएका विस्तृत प्रयासहरु सम्बन्धमा गहन जानकारी गराएका थिए ।

सम्मेलनमा सहभागि कर्मचारीहरुलाई चर्चित संचारकर्मी एवं मिस नेपाल (२००५) श्रीमती सुगारिका के.सी.ले ब्यक्तित्व विकास साथै कम्पनीका विभागिय प्रमुखहरुले कम्पनीको प्रशासनिक कार्यहरु सम्पन्न गर्ने क्रममा विभिन्न समस्याहरुको पहिचान गरी सहजिकरण गर्दै कम्पनीका ग्राहक तथा अभिकर्ता वर्गहरुलाई छिटो छरितो र विश्वासिलो सेवा प्रदान गर्ने उपायहरुका बारेमा जानकारी गराएका थिए ।

सम्मेलनमा उत्कृष्ट कार्य गर्ने ५ जना कर्मचारीहरुलाई प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीबाट सम्मान तथा पुरस्कृत गर्दै कार्यक्रम समापन गरिएको थियो ।

# टेलिकम सम्बन्ध ट्रेड युनियनको ११ औ महाधिवेशन सम्पन्न

काठमाडौ । 'व्यावसायिक कम्पनी, उत्तरदायी व्यवस्थापन; उत्प्रेरित कर्मचारी, सुदृढ ट्रेड युनियन' नारा सहित २०७९ भाद्र २२-२४ मा नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन (एनटिन-ल्तभ्बल० को ११औं प्रप्त भएको छ । नेपाल सरकारका पूर्व अर्थमन्त्री तथा नेकपा एमालेका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र पाण्डेको प्रमुख आतिथ्यता र नेकपा एकीकृत समाजवादीका उपमहासचिव जगन्नाथ खतिवडा तथा नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल कार्यक्रम सम्पन्न भएको थियो ।

प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरू तथा कम्पनीमा क्रियाशील अन्य ट्रेड युनियनका प्रतिनिधिहरूले उद्घाटन समारोहमा शुभकामना मन्तव्य दिएका थिए । सो अवसरमा ६०० जना प्रतिनिधि तथा पर्यवेक्षकहरूको सहभागिता रहेको थियो ।

महाधिवेशनमा विगतमा सङ्ठनले कम्पनी, कर्मचारी र सेवाग्राहीको पक्षमा खेलेको भूमिकाको समीक्षा गर्दै आगामी




महाधिवेशन ट्रेड युनियन आन्दोलनको उद्गम भुमि प्रदेश-१ को राजधानी विराटनगरमा सम्पन्न भएको जानकारी पौडेलको विशेष आतिथ्यतामा २०७९ भाद्र २२ गते संगठनका तत्कालीन अध्यक्ष यादव प्रसाद पनेरुको अध्यक्षतामा उद्घाटन केन्द्रीय समिति, विभिन्न विभागहरू, प्रादेशिक समिति, इकाई समिति तथा सम्पर्क समितिका ७७ जिल्लाका दिनमा कर्मचारी, कम्पनी तथा ग्राहकको बृहत्तर हितको लागि तय गर्नुपर्ने कार्यदिशाको

बाँकी ६ पृष्ठमा

# खेलकुद

## मुख्यप्रशिक्षक अब्दुल्लाहा अल्मुताइरीले गरे राजीनामा घोषणा

नेपाली राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अब्दुल्लाहा अल्मुताइरीले राजीनामाको घोषणा गरेका छन् । अल्मुताइरीले आइतबार सामाजिक सञ्जाल फेसबुकबाट नेपाली राष्ट्रिय फुटबल टिमसँगको यात्रा टुंगिएको घोषणा गरेका हुन् । अखिल नेपाल फुटबल संघका प्रवक्ता सुरेश शाहले महासचिवलाई राजीनामा पठाएको जानकारी दिए । उनले राजीनामामा एन्फासँग भएको सम्झौता भंग गरेको उल्लेख गरेको शाहले जानकारी दिए । मुख्य प्रशिक्षक अल्मुताइरीले आफ्नो सामाजिक सञ्जालमा नेपाली टिमसँगको आफ्नो ५२५ दिनको यात्रा टुंगिएको बताए ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'नेपाली फुटबलको सेवाको ५ सय २५ दिनपछि नेपाली राष्ट्रिय टोलीको प्रशिक्षक पदमा आफ्नो कार्यकाल समाप्त भएको घोषणा गर्दछु, खुसी, माया, दुःख र पीडाको यो यात्रामा मलाई साथ दिनुहुने सबैलाई धन्यवाद छ ।' एन्फाले वि.सं २०७७ साल चैत २२ गते कतार एफएको सहयोगमा कुवेतका प्रो लाइसेन्स प्राप्त प्रशिक्षक अल्मुताइरीलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो। अल्मुताइरीको नेतृत्वमा नेपालले पहिलोपटक साफ च्याम्पियनसिपको फाइनल खेलेको थियो भने गत असोजमा माल्दिभ्समा भएको साफको फाइनलमा नेपाल भारतसँग पराजित हुँदा उपाधिबाट वञ्चित बनेको थियो । अल्मुताइरीको नेतृत्वमा नेपालले एएफसी एसियन कप छनोटको दोस्रो चरण खेलेको थियो । अलमुताइरीको कार्यशैलीमा असन्तुष्टि जनाउँदै गत वैशाख १३ गते प्रशिक्षणमा रहेका १० खेलाडीले बन्द प्रशिक्षण छाडेपछि अल्मुताइरी विवादमा तानिएका थिए ।

## लिगलिगकोट म्याराथनको उपाधि तीर्थबहादुरलाई

दोस्रो लिगलिगकोट-सिरानचोक-गोरखा दरबार खुला म्याराथन दौड ०७९ को उपाधि त्रिभुवन आर्मी क्लबका तीर्थ तामाङले जितेका छन्रु। निर्धारित ४० किलोमिटरको दूरी तीन घन्टा ११ मिनेट एक सेकेन्डमा पार गर्दै तामाङले उपाधि जितेका हुन्रु। दौडमा सहभागी ९३ जनालाई पछि पारेका तीर्थले एक लाख ५० हजार नगद पुरस्कार प्राप्त गरे ।

गोरखाको इतिहास, मौलिक संस्कृति जगेर्ना गर्दै लैजाने र ऐतिहासिक मार्गहरूलाई एकीकृत ट्रेलको रूपमा विकास गर्न आयोजना गरिएको खुला म्याराथनमा भारतीय सेनाका अनिश थापामगर दोस्रो भएरु। आर्मीकै मोहनदेव जोशी तेस्रो भएरु। दोस्रो र तेस्रोले एक लाख र ७५ हजार नगद पुरस्कार प्राप्त गरे । म्याराथनको चौथो र पाँचौं देवराज महतरा र गोविन्द कार्कीले क्रमशः ५० हजार र ३५ हजार पुरस्कार पाएरु। शीर्ष १० जनाभित्र पर्न सफल अर्जुन राई कुलुङ, थमबहादुर अधिकारी, अशोक बराम, रैबतबहादुर दाहाल र विमल खड्काले क्रमशः ३०, २५, २०, १५, १० हजार पुरस्कार जिते ।

काठमाडौं म्याराथनमा हरिकुमार पहिलो

चौथो काठमाडौं म्याराथनको उपाधि हरिकुमार रिमालले जितेका छन्रु। त्रिभुवन आर्मी क्लबका हरिले ४२.१९५ किलोमिटर दूरी २ घन्टा ४० मिनेट ४० सेकेन्डमा पूरा गरेका हुन । उपाधिसँगै हरिले एक लाख नगद पुरस्कार जितेरु। दोस्रो आर्मीकै जुनेश खड्का भए । उनले निर्धारित दूरी २ घन्टा ४५ मिनेट ५९ सेकेन्डमा पूरा गरेका थिएरु। तेस्रो स्थान एपिएफका राजन चौधरीले प्राप्त गरेरु। दोस्रोले ५० हजार र तेस्रोले २५ हजार पुरस्कार पाए । यस्तै, राजा मेहता, मिलन तामाङ र नारायण बस्नेत क्रमशः चौथो, पाँचौं र छैटौं स्थानमा रहे ।

## पाकिस्तानलाई २३ रनले हराउँदै श्रीलङ्काले जित्यो एसिया कप

पाकिस्तानलाई २३ रनले हराउँदै श्रीलङ्काले एसिया कप २०२२ को उपाधि जितेको छ । श्रीलङ्काले दिएको १ सय ७१ रनको लक्ष्य पछ्याएको पाकिस्तान निर्धारित २० ओभरमा १ सय ४७ रनमा अल आउट भयो । उसका लागि मोहम्मद रिजवानले ५५ र इफ्तिखर अहमेदले ३२ रन बनाए । बलिङतर्फ श्रीलङ्काका प्रमोद मदुशनले ४ र वानिन्दु हसरङ्गाले ३ विकेट लिए ।

यसअघि दुबई अन्तर्राष्ट्रिय मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको श्रीलङ्काले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ७० रन बनायो । उसका लागि भानुका राजपक्षले नटआउट ७१ र वानिन्दु हसरङ्गाले ३६ रन बनाए । बलिङतर्फ पाकिस्तानका हरिस रौफले ३ विकेट लिए ।

योसँगै श्रीलङ्काले एसिया कप ६ पटक जितेको छ । एसिया कप अहिलेसम्म धेरै जित्नेमा भने भारत छ, उसले अहिलेसम्म ७ पटक जितेको छ। पाकिस्तानले भने २ पटक जितेको छ ।

## १९ वर्षीय कार्लोस अल्कारेजले जिते युएस ओपनको उपाधि

काठमाडौं । १९ वर्षीय स्पानिस टेनिस खेलाडी कार्लोस अल्काराजले वर्षको अन्तिम ग्राण्ड्सलाम युएस ओपनको उपाधि जितेका छन् ।

आइतबार राति न्युरोर्कस्थित फ्लोसिङ मिडोजमा भएको पुरुषतर्फको फाइनलमा अल्कारेजले नर्वेका कास्पर रुडलाई ३-१ सेटमा हराउँदै करियरको पहिलो पहिलो ग्रान्डस्लाम उपाधि जितेका हुन् । अल्कारेजले रुडलाई ६-४,२-६,७-६ (७-१),६-३ ले हराए ।

युएस ओपन जितेसँगै अल्कारेज भविष्यको ग्राण्ड्सलाम च्याम्पियन र विश्व नम्बर वान खेलाडीको रुपमा आफूलाई अघि सारेका छन् ।

अल्कारेज सन् २००५ मा स्पेनकै राफायल नाडालले फ्रेन्च ओपन जितेयता ग्राण्ड्सलाम उपाधि जित्ने सबैभन्दा कम उमेरका खेलाडी हुन् ।

अल्कारेजले अब एटिपी वरीयतामा रुसी डानिएल मेदभेदेभलाई पछि पार्दै नम्बर एकमा उक्लनेछन् । उनी एटिपीको ४९ वर्षीय इतिहासमा शीर्ष स्थानमा पुग्ने पहिलो टिनएज खेलाडी हुनेछन् ।

नर्वेका २३ वर्षीय रुडले अल्कारेजलाई पराजित गरेको भए उनी विश्व नम्बर एक बन्ने थिए । तर लगातार दुई मुख्य फाइनलमा पराजित भएपछि उनले त्यो मौका गुमाए ।

## आउँदै........

व्यवस्था कहिल्यै नआउने भएको हुदा वैचारिक रुपमा समय सुहाउदो तरिकावाट युवापुस्ताहरुले देशको नेतृत्व गर्नलाई प्रतिस्पर्धा गर्न आट गर्नुपर्ने वेला भएको छ ।

पार्टीभित्र होस वा बाहिर राजनीतिक बेतिथिको विरुद्ध सैद्धान्तिक लडाई लड्ने बेला आएको जस्तो भान भइरहेको जनताले बताईरहेका छन् । त्यही जनताको चाहना र भावना बुझेर, सुनेर हौशिएका पनि हुन सक्छन् स्वतन्त्र उम्मेद्धारहरु यो जे भएपनि राम्रो नै भएको हुनुपर्छ ।

स्वतन्त्र पार्टी मात्र होइन पार्टीका युवा र आम नागरिकसम्म एउटै मोर्चामा रहेर पुराना र असफल भइसकेका शक्तिहरुलाई निरुत्साहित पार्न समयले खोजेको आवश्यकता पुर्ति गर्नेगरी अगाडी बढ्न सक्ने नेतृत्व छान्नु पर्ने देखिन्छ ।

जसले नेपलको समाज विकास आवश्यकता बुझेर काम गर्न सकोस ।

## प्रगतिशील....

५ सदसीय सचीवालयमा दिनेश खाती अध्यक्ष, मोहन कार्की उपाध्यक्ष, उदिम खड्का महासचीव, बसन्त पाण्डे कोषाध्यक्ष, राजेश गिरी सचीव रहेका छन् ।

भेलाले नयाँ कार्यसमिति निर्माण गर्ने पहिलो बैठकले नै रामेछापवाट निर्वाचनमा प्रगतिशील युवा संघको तर्फवाट प्रगतिशील युवा संघका उपाध्यक्ष मोहन कार्कीलाई उम्मेद्वारी उठाउने र प्रगतिशील युवा संघ नेपालको सवै शक्ति रामेछापमा केन्द्रीत गर्ने पनि निर्णय गरेको छ ।

आगामी निर्वाचनलाई पार्टीले लिएको नीतिलाई साथ दिदै देशभित्र युवाहरु बेरोजगार भएर बसेका छन् । त्यस बिषयलाई युवा संघले आउदा दिनमा युवाहरुको उन्नति, प्रगति र समस्यालाई मुलभुत रुपमा उठाएर सावधान गर्ने तर्फ लाग्ने गरी नीति बनाउन लागेको उल्लेख छ ।

## आत्महत्या ......

दृष्टिकोण विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन ।

यसैगरी त्रिचन्द्र कलेजका प्राध्यापक तथा मनोविद र सडक आश्रित मानव मुक्त अभियान नेपाल (सम्मान) का अध्यक्ष पदम प्रसाद घिमिरेले आफु केका लागि बाचिएको त्यो हेर्नु पर्नै बताउँदै नेपालमा महिलाको तुलनामा पुरुषहरुले बढी आत्महत्या गर्ने गरेको उल्लेख गरे ।

कार्यक्रममा बोल्दै मनोविज्ञ मनोज दाहालले एक व्यक्तिले एकजना मात्र सुसाइडको मनसाय भएका व्यक्तिलाई जोगाउन सकियो भने त्यो ठुलो उपलब्धि हुने बताउँदै आफना बच्चालाई अरुसंग तुलना नगर्न र उसलाई पढाईमा बढी दबाव दिनु नहुनेमा जोड दिए ।

कार्यक्रममा नेपाल सङ्गीत विद्यालयमा दृष्टि विहीन विद्यार्थीद्धय किरण दाहाल संजीय चौधरीले गायन प्रस्तुत गरेका थिए । सो कार्यक्रमको संचालन स्वदेश फाउण्डेशन नेपालका उपाध्यक्ष तथा नेपाल फिल्म क्याम्पसका प्रिन्सिपल शिसीर उप्रेतीले गरेर उत्कृष्ट बनाएका थिए ।

विश्व आत्महत्या रोकथाम दिवस सन २००३ देखि हेरक वर्ष सेप्टेम्बर १० तारिखका दिन अन्तराष्ट्रिय आत्महत्या रोकथाम संस्था (आइएसपि) ले विश्व स्वास्थ्य संगठन(डब्लयु एच ओ)को सहयोगमा मनाउन थालेको हो । डब्लयु एच ओले सन २०२१ देखि २०२३ सम्मको नारा क्रिएटिङ्ग होप थ्यु एक्सन वेभ साइटमा राखेको छ । विश्व स्वास्थ्य संगनका अनुसार हरेक वर्ष विश्वमा अनुमानित सात लाख तीन हजार व्यक्तिले स्वघातबाट मृत्युवरण गर्ने गरेको रिपोर्टमा उल्लेख छन ।

## नेशनल.....

कार्यान्वयनका लागि रु २० लाख आर्थिक सहयोग उपलब्ध गराएको उल्लेख छ ।

उक्त परियोजनाबाट ठूलो संख्यामा सो क्षेत्र र आसपासका सर्व साधारण हरु लाभान्वित हुने अपेक्षा गरिएको छ । सो समारोहमा अस्पताल व्यवस्थापन बाट आर्थिक सहयोग प्रदान गरे वापत कम्पनीका उपकार्यकारी प्रमुख प्रतापमान श्रेष्ठलाई विशेष सम्मान गरिएको थियो ।

## प्रधानसेनापति....

जारी विज्ञप्तिमा उल्लेख छ । प्रधानसेनापति शर्माले हाल विकसित अन्तराष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सुरक्षा वातावरणको सुक्ष्म अध्ययन र विश्लेषण गर्नुभएको बताइएको छ ।

साथै उहाँले सबैको सामूहिक प्रयासबाट नेपाली सेनाको सुदृढिकरण तथा सबलीकरण हुनुका साथै समयानुकूल व्यवसायीकरण सम्भव हुने समेत उल्लेख गर्नुभएको छ । प्रधानसेनापति शर्माले नेपाली सेना सवै नेपाली जनताको आशा, भरोसा र एकताको केन्द्रविन्दु भएको उल्लेख गर्नुहुँदै राज्यमा उत्पन्न संकट तथा विपद् व्यवस्थापनदेखि विश्वका द्वन्द्वग्रस्त मुलुकहरुमा शान्ति स्थापनार्थ तैनाथ फौजले प्रदर्शन गरेको निःस्वार्थ सेवाभावको कदर समेत गर्नुभएको छ ।

राष्ट्रिय गौरवको काठमाडौं(तराई/मधेश द्रुतमार्ग सडक आयोजना समय सिमाभित्रै निर्माण सम्पन्न गर्न पनि प्रधानसेनापति शर्माले निर्देशन दिनुभएको छ ।

## टेलिकम....

विषयमा गहन बिचार विमर्श गरिएको थियो ।

उक्त महाधिवेशनबाट मोहन प्रसाद फुयाँलको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । समितिको वरिष्ठ उपाध्यक्षः कृष्ण प्रसाद ज्ञवाली, उपाध्यक्षहरू राज किशोर चौधरी, चण्डीका पोखरेल, तोयनाथ भट्टराई, भरत लामिछाने, आनन्द पौडेल, महासचिव मणि कुमार पोखरेल, उपमहासचिवहरू तीर्थराज अधिकारी, गोविन्द ढुङ्गाना, सचिवहरू बचन ढूगेल, दीपक चौलागाईं, कमला गिरी, कोषाध्यक्ष रोशन पाण्डे र सह-कोषाध्यक्ष नरेश प्रसाद पटेल लगायत चयन भएका छन् ।

सदस्यहरूमा महेन्द्र प्रसाद रिमाल, घनश्याम पोखरेल, कमल घिमिरे, केशव बि. सी., सालिकराम आचार्य, हरि बहादुर कार्की, विनोद महर्जन, ई. दीपक पौडेल, राम प्रसाद भट्ट, हरि कृष्ण महत, प्रेमकला सम्बाहाम्फे, रीता अधिकारी, सृजना सापकोटा, नीलकमल बुर्जा, राम बाबु सिंह, कान्छाराम महर्जन, प्रेम प्रसाद रिजाल, युवराज अधिकारी, अशोक हिंङमाङ, श्रीकृष्ण खड्का, प्रकाश शर्मा, रामकृष्ण महतो, कमल खत्री, मुक्ति प्रसाद भण्डारी र रमेश पाठक सहित ४० जनाको केन्द्रीय समिति निर्वाचित गर्दै महाधिवेशन सम्पन्न भएको हो ।

## नेकपा....

सम्बन्धको बारेमा प्रकाश पारेका थिए । कवि उमेश राई अकिञ्चनले कविता वाचन गरेका थिए ।


बङ्गलादेशका मोसियुर अहमद, सलाउद्दिन कुटुले नेपाल प्राकृतिक रूपले मात्र नभएर सांस्कृतिक र साहित्यिक दृष्टिले पनि महत्त्वपूर्ण भएको विचार व्यक्त गरेका थिए ।

सो अवसरमा प्रसिद्ध गायक काजलकुमार मुखर्जीले रवीन्द्रनाथ ठाकुरको प्रसिद्ध गीत 'एक्ला चलो ...' गाएका थिए ।

बङ्गलादेशी स्रष्टाहरूको सम्मानमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले ललितपुरमा, भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले भक्तपुरमा, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्यबहादुर विखर्चा, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, पृथ्वीनारायण क्याम्पस, नेपाली विभागका प्रमुख प्राडा कुसुमाकर न्यौपानेले पोखरामा र लायन्स क्लब अफ खानीखोलाले पनि बङ्गलादेशबाट आएका साहित्यकार तथा कलाकारको स्वागतमा विभिन्न कार्यक्रमहरुको आयोजना गरेका थिए ।

# कृषि तथा पशुपंक्षी पालन तथा व्यवसायको समस्या

एउटा गाउँपालिकाले छुट्टाएको बजेटमा सहि ढङ्गले सदुपयोग नहुने र सहि किसानले भण्डार व्यवस्थापन तथा निर्माण गर्दा गलत मानिसलाइ बजेट छुट्याएको पाइएको छ । एक वडा एक कृषि तथा पशु प्राविधिक भए पनि किसानहरुको सहि समयमा उपचार नभएर मानविय क्षति पुगी अर्को तर्फ यो व्यवसाय छोडेर विदेश पलायन भएको अवस्थामा किसानहरु सामाजिक तथा आर्थिक हिसावले डुवेका भेटिन्छन् ।



गाउँपालिकाले बजेट कृषि तथा पशुपंक्षीलाई बजेट आएको तर कतिपय ठाउँमा कृषि र पशु अधिकृतले कुनै ठाउँको काम देखाएर आफुले नै आधा बजेट अनियमियतता गरेको पाइएको छ । नेपालमा सबै भन्दा धेरै ज्बतअजभचथ हरु छ तर पोल्ट्री विकट ठाउँमा दाना तथा मलका डिलरहरु नभएर ज्बतअजभचथ सँगै अर्को डिलर खुलेर नेपाल ज्बतअजभचथ संघले तोकेको भन्दा ५० प्रतिशत जति किसानलाई मर्का पारी रकम लिएको र यसमा किसान डुवेको अवस्था देख्न सक्छौ । हाम्रो विकट ठाउँमा डिलर तथा ह्याचरी हुन आवश्यक छ ।

यो पेशामा लागेका किसानहरु किसान हुन्छन् ।

अनुदाको लागि ५० प्रतिशत रकम आउदा आफ्नै आफन्तलाई पार्ने र वास्तविक किसानले रकम नपाउन जस्ता समस्या देखिएका छन् ।

नेपालमा किसानहरुले प्रारम्भिक चरणमा कुखुरा व्यवसाय दुई लट सम्म पाल्दा राम्रो आम्दानी आउने र अर्को यति पाल्दा कृषि व्यवस्थापन र प्राविधिक समस्याहरु अप्राविधिक सँग सल्लाह तथा सुझाव लिएर किसानहरु आफुखुशी समाधान गरेको खण्डमा पशुधनको क्षति हुने ।

पशु कार्यालयमा काम गरी १२/१३ वर्ष अनुभव मात्र कुन औषधी के मा प्रयोग हुन्छ भनि जानेको छैन त्यसमा गाउँपालिकाको कार्यालय सहयोगिले गरि रहेको अवस्था र सहि प्राविधिकको सदुपयोग नभएर आवश्यकता भएमा कार्यालयमा नै गएर खरिद गर्ने प्रविधिको व्यवस्था गर्नु पर्ने हो ।त्यस्तो वैज्ञानिक आधार पनि खोजिएको देखिदैन ।

समस्या :

भारतबाट कुखुरा र चल्ला नेपालमा आपूर्ती भएको कारणले किसानहरु धेरै नै आर्थिक मारमा पर्न गएका छन् । यसले गर्दा किसानहरु कुखुरा चल्ला व्यवसाय गर्न छाडेको पाइन्छ । यस विषयमा राज्य सरकार र सम्बन्धीत निकायले किसानहरुको समस्या बुझ्नु आवश्यक छ ।

**लेखक : पशु प्राविधिक दिपेश लामिछाने, दोलखा**

# तालिममा अनियमिता गर्ने ११ कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगरका तत्कालीन कामु निर्देशक भीमकान्त लामिछानेसहित ११ जनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ । विभिन्न तालिम सञ्चालनका लागि प्राप्त भएको रकम अनियमितता गरेको, मिलेमतोमा तालिम सञ्चालन गरेको तथा तालिमका लागि सहभागीको योग्यता तोकिएकामा त्यसो नगरी निजी संस्थाले प्रशिक्षार्थी छनोट गरेको पाइएको छ । यस्तै, बोलपत्रमार्फत गर्नुपर्ने काम सिधै गरेको जस्ता अनियमितता देखिएको आरोपमा आयोगले परिषद्का कामु निर्देशक भीमकान्त लामिछानेविरुद्ध रु तीन करोड ४३ लाख ८८ हजार आठ सय १६ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको हो । आयोगले तत्कालीन कार्यालय प्रमुख मोहनबहादुर कार्की, लेखा अधिकृत शिवराम रोकाया, चामुण्डा मावि चामुण्डा बिन्द्रासैनी नगरपालिका(३ हाडाकोट, दैलेखका तत्कालीन प्रधानाध्यापक जयप्रसाद तिमिल्सिना, सोही विद्यालयका सहलेखापाल नरेशबहादुर शाही र विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष नन्दबहादुर शाहीविरुद्ध पनि रु तीन करोड ४३ लाख ८८ हजार आठ सय १६ बराबरको बिगो दाबी गरिएको छ । त्यस्तै, आयोगले तालिम सञ्चालक 'इलाइट इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट कन्सल्ट्यान्ट काठमाडौं'का सञ्चालन उपेन्द्रकुमार शाहीविरुद्ध पनि समान बिगो माग दाबी गरेको छ । आयोगले दैलेखको चामुण्डा बिन्द्राशैनी( ४ का धुपेन्द्रबहादुर शाहीविरुद्ध रु ७० लाख बराबरको बिगो दाबी गरेको छ । यस्तै, कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयका तत्कालीन शाखा अधिकृत पदमबहादुर बुढाक्षेत्री, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णालीका तत्कालीन प्रशिक्षक गङ्गराज शाही र हिराबहादुर शाहीविरुद्ध रु तीन करोड ४३ लाख ८८ हजार आठ सय १६ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आन्तरिक राजस्व कार्यालय महाराजगन्जमा कार्यरत कम्प्युटर अधिकृत विन्दु श्रेष्ठ प्रधान विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । प्रधानले सेवाग्राहीबाट ३० हजार रुपैयाँ घुस लिएको पुष्टी भएको जनाउँदै अख्तियारले उनीविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो । अख्तियारले उनलाई गत साउन १८ गते सेवाग्राहीबाट ३० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो । अख्तियार ले आज एक विज्ञप्ति जारी गर्दै अनुसन्धानको सिलसिलामा प्रधानले कम्प्युटर बिलिङ्ग स्वीकृत गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस लिएको जनाएको छ । दायर गरिएको मुद्दामा उनीसँग ३० हजार रुपैयाँ बिगो दाबी गरिएको छ ।

# कर्तव्य ज्यान मुद्दाका फरार आरोपी १६ वर्षपछि पक्राउ

काठमाण्डौ । नेपाल प्रहरीले ज्यान मार्ने उद्योगमा फरार एक जनालाई १६ वर्षपछि पक्राउ गरी जेल चलान गरेको छ । जिल्ला प्रहरी परिसर काठमाण्डौको टोलीले २०६३ साल साउन २ गते काठमाण्डौ महानगरपालिका वडा नं ३२ कोटेश्वर चोकमा मनोज खड्काको हत्यामा संलग्न कुमार तामाङ भन्ने राजकुमार मगरलाई पक्राउ गरी आइतवार डिल्लीबजार कारागार चलान गरेको हो । साथीको जन्मदिन मनाउने क्रममा झगडा हुँदा २०६३ साल साउन २ गते राति १० बजे गम्भीर घाइते भएका खड्काको भोलिपल्ट बिहान ५ बजे उपचारका क्रममा ज्यान गएको थियो । जिल्ला प्रहरी परिसर काठमाण्डौका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले कर्तव्य ज्यान मुद्दामा पक्राउ परेका मगरलाई जिल्ला अदालतको आदेश अनुसार कारागार चलान गरेको जानकारी दिनुभयो ।

# अन्तराष्ट्रिय समाचार

## उत्तर कोरिया परमाणु हतियार सम्पन्न राष्ट्र घोषणा

उत्तर कोरियाले आफू परमाणु हतियार सम्पन्न राष्ट्र भएको बताएको छ । आफूले आफैंलाई परमाणु हतियार सम्पन्न राष्ट्र घोषणा गर्दै त्यहाँको सरकारले नयाँ कानुन पारित गरेको समाचार संस्था केसीएनएले जनाएको छ । कानुनमा उत्तर कोरियाले आफ्नो रक्षाको लागि परमाणु हतियार प्रयोग गर्नसक्ने उल्लेख छ । यो घोषणासँगै सर्वोच्च नेता किम जोङ उनले अब उत्तर कोरियाको फैसलालाई कसैले परिवर्तन गर्न नसक्ने पनि बताए । संयुक्त राष्ट्रसंघ, अमेरिका लगायतका राष्ट्रहरुले उत्तर कोरियालाई परमाणु हतियार विकास र परीक्षणमा प्रतिबन्ध लगाएको छ । यद्यपी सन् २००६ देखि २०१७ को अवधिमा उत्तर कोरियाले ६ पटक परमाणु हतियार परीक्षण गरेको छ । राष्ट्रसंघको चेतावनी बाबजुद पनि उत्तर कोरियाले परमाणु हतियार विकासको कामलाई रोकेको छैन ।

## बेलायतका नयाँ राजाको पहिलो सम्बोधन

बेलायतका नयाँ राजा चार्ल्स तृतीयले राजाको जिम्मेवारी सम्हालेपछि पहिलो पटक राष्ट्रका नाममा सम्बोधन गर्दै जीवनभर सेवामा समर्पित हुने बताएका छन् । उनले आफ्नी आमाले झैं आफ्नो जीवन पुरै सेवामा समर्पित गर्ने घोषणा गरे । चार्ल्स तृतीय बेलायतकी महारानी एलिजावेथ द्वितीयका जेठा छोरा हुन् । एलिजावेथको गत बिहीबार निधन भएपछि चार्ल्सले राजाको जिम्मेवारी पाएका छन् । राजाको रूपमा पहिलो सम्बोधन गर्ने क्रममा उनले आफू आफ्नो माताको निधनबाट अत्यन्त दुखी रहेको उल्लेख गरेका छन् । उनले आफ्नी आमालाई आफू र आफ्नो परिवारका लागि प्रेरणा र उदाहरणको पात्रका रूपमा चित्रित गर्दै प्रेम, स्नेह, मार्गदर्शन, बुझाइ र उदाहरणका लागि अरू परिवारले आफ्नी आमासँग महसुस गर्ने जस्तै गरी आफू पनि ऋणी रहेको बताए । उनले भने, 'महारानी एलिजाबेथको जीवन सार्थक रह्यो, उहाँले नियतिका साथ गरेको प्रतिबद्धता पूरा गर्नुभयो र उहाँको निधनमा गहिरो दुःख छ ।' अहिले आफूहरूसँगै बेलायतका बासिन्दा, उहाँ राष्ट्रप्रमुख रहेका सबै देशहरू, राष्ट्रमण्डल र विश्वभरका शुभेच्छुकहरू पनि दुखी रहेको राजा चार्ल्सले सबैप्रति कृतज्ञता व्यक्त ग् । 'मेरी आमाले ७० वर्षभन्दा लामो समयदेखि यति धेरै देशका मानिसको सेवा गरेकोमा हामी उहाँप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छौं,' उनले भने । एक शासकका रूपमा महारानी एलिजावेथ द्वितीयको समर्पण र प्रतिबद्धतामा जीवनभरी कहिल्यै कम नभएको पनि उनले उल्लेख गरे । राजनीतिक तथा पारिवारिक जीवनमा आएका उथलपुथल, खुशी, दुःख, समस्या आदि कुनै पनि बेला उहाँ विचलित नहुनु भएको राजा चार्ल्सले स्मरण गरेका छन् । उनले राजगद्दीको जिम्मेवारी सम्हालेदेखिको ७० वर्षको दौरानमा समाज, विविध संस्कृति र विश्वासमा परिवर्तन भए पनि त्यसको सामना गर्नु ठूलो चुनौतीका रूपमा राजा चार्ल्सले उल्लेख गरे ।

## सोमालियामा बालबालिकामा कुपोषण

संयुक्त राष्ट्रसंघीय बालकोषले सोमालियाका बालबालिकामा कुपोषणको समस्या थप बढ्ने चेतावनी दिएको छ । सोमालियाका लागि राष्ट्रसंघीय बालकोषका प्रतिनिधि वाफा अब्देलतेफले सोमालियामा केही समययता अनिकालको अवस्था रहेकाले त्यहाँका बालबालिकामा कुपोषणको समस्या देखिएको र यो अझै बढ्नसक्ने बताएका हुन् । कम्तिमा १५ लाख बालबालिकामा कुपोषणको समस्यामा रहेको अब्देलतेफले बताएका छन् । यो संख्या त्यहाँका ५ वर्ष मुनिका बालबालिकाको आधा हिस्सा हो । कुपोषणग्रस्त करिब ४ लाख बालबालिकालाई अस्पताल भर्ना गरेर उपचार नै गर्नुपर्ने अवस्था रहेको पनि राष्ट्रसंघले जनाएको छ । गत जनावरीदेखि यतासम्मको तथ्यांकमा त्यहाँका ७ सय ३० जना कुपोषित बालबालिकाको उपचारका क्रममा मृत्यु भएको पनि जनाइएको छ ।

## पाकिस्तानमा मानवीय संकट हुन सक्ने चेतावनी

विश्व स्वास्थ्य सगठन (डब्लुएचओ)ले पाकिस्तानमा विभिन्न कारणले अकल्पनीय मानवीय संकट उत्पन्न हुन सक्ने चेतावनी दिएको छ । डब्लुएचओले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन लगायतका कारणले मानवीय संकट उत्पन्न हुन सक्ने चेतावनी दिएको हो । पाकिस्तानमा पछिल्लो समय अत्यधिक वर्षापछिका वर्षाजन्य घटनाका कारण हजारौंको मृत्यु भएको छ भने लाखौं प्रभावित भएका छन् । पाकिस्तानमा केही समय अगाडिको वर्षा र त्यसले पारेको असर विगतको भन्दा भयावह भएको यसले भयावह स्थिति निम्तने सक्ने डब्ल्युएचओको भनाइ छ । वर्षा, बाढी, पहिरो र त्यसको असरको मात्रा हेर्दा जलवायु परिवर्तनको प्रभाव प्राकृतिक प्रकोपका रुपमा देखिएको हो । गुणस्तरीय आधारभूत सेवा सुविधा नपाउँदा झाडा पखाला, औलो, डंगीलगायतका रोग लाग्ने र त्यसको उपचार नपाएर थप हजारौं मानिसको मृत्यु हुने खतरा रहेको डब्लुएचओका अधिकारीहरूको भनाइ छ ।

## रुसले कब्जा गरेको कुपियान्स्क क्षेत्र युक्रेनी सेनाले फिर्ता लिए

युक्रेनी सेना प्रमुख पूर्वी सहर कुपियान्स्कमा प्रवेश गरेका छन् । युक्रेनको रक्षा मन्त्रालयको दाबीअनुसार युक्रेनी सेनाले भिषण आक्रमण गरेपछि रुसी सेना कुपियान्स्कबाट भागेका छन् । कुपियान्स्क पूर्वी युक्रेनमा रुसी सेनाका लागि अत्यावश्यक आपूर्ति केन्द्र हो । यो सहरलाई रुसले फेब्रुअरीमा आक्रमण भएको एक हप्तापछि नै कब्जामा लिएको थियो । युक्रेनी विशेष बलहरूले कुपियान्स्क फिर्ता गर्नुलाई निकै महत्त्वपूर्ण सफलता भनेका छन् । बीबीसीले लेखेको छ, यदि युक्रेनी सेनाले यो सहर फिर्ता गरेको हो भने रुसले कब्जा गरेका हरेक ठाउँ पुनः फर्काउन युक्रेन सक्षम र सफल हुँदैछ । युक्रेनले रुसले कब्जा गरेको तीन हजार वर्ग किलोमिटर भूमि फिर्ता भइसकेको दाबी गरेको छ । रुसले कब्जा गरेका अन्य थुप्रै सहरलाई अहिले युक्रेनी सेनाले घेरेका छन् । युक्रेनी सेना पूर्वी क्षेत्रमा मात्रै नभइ दक्षिणी क्षेत्रमा पनि अघि बढेका छन् । युद्धमा युक्रेन आक्रामक बन्दै गएपछि रुसले आफूले कब्जा गरेको सहरको रक्षा गर्न सबैभन्दा अनुभवी सेनाको बटालियन तैनाथ गर्न सुरु गरेको छ । दक्षिणी मोर्चामा लडिरहेका रुसी सेनाहरूसमेत अहिले रक्षात्मक स्थितिमा बसेका युक्रेनले जिकिर गरेको छ । रुसको आक्रमणका कारण युक्रेनको खार्किभ र डोनेट्स्कलगायतका पूर्वी क्षेत्रमा बिजुली बत्तीको आपूर्ति ठप्प भएको छ । बिजुली बत्तीको आपूर्ति ठप्प हुँदा त्यहाँका झण्डै ९० लाख नागरिक प्रभावित भएका छन् । युक्रेनको सेनाले पूर्वी क्षेत्रमा आफूले तीन हजार वर्ग किलोमिटरभन्दा धेरै गुमेको क्षेत्रफल पुनः प्राप्त गरेको बताएपछि त्यहाँ 'ब्लाकआउट' भएको दाबी गरिएको छ । तर, यसको पुष्टि भने हुन बाँकी रहेको बीबीसीले जनाएको छ ।

# पुस्तक चर्चा : रुमोरङिया थारु चिनाउने पुस्तक

कृष्णराज सर्वहारी

२०४८ सालतिर बारा जिल्लाको फत्तेपुरमा थारु साहित्यको बृहत् सम्मेलन भएको थियो। रामसागर चौधरीजीसँग मेरो पहिलो भेट सोही कार्यक्रममा भएको जस्तो लाग्छ। कार्यक्रममा मेरो कथा पहिलो हुँदा उहाँको 'भिखनाके नागरिकता' शीर्षकको कथा शायद तेस्रो भएको जस्तो लाग्छ। उहाँको टिमले प्रकाशित गरेको थारु भाषाको 'हौली' पत्रिका मैले अझै पनि सँगालेर राखेको छु। त्यस कार्यक्रमपछि उहाँसँग भेट हुन छाड्यो।

म विद्यार्थीसँग टेलिफोन थिएन। उहाँ कर्मचारी मान्छे पुरै नेपाल चक्कर लगाउँदै ठिक्क थियो। मोबाइलको जमाना थिएन। फेसबुकको जमाना आएपछि उहाँसँग बल्ल भेट हुने संयोग जुर्‍यो, पहिलो भेट भएको करिब तीन दशकपछि। पछिल्लो भेटको एक दशकको अवधिमा उहाँसँगको भेटघाट निकै बाक्लिएको छ।

२०४९ सालमै 'अनमोल बेहाल' कविता संग्रह प्रकाशित गरिसक्नु भएका रामसागरजी अझै पनि कविता लेखनको मोह त्याग्न सक्नु भएको छैन।

नेपाल प्रज्ञा प्रतिष्ठान तथा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा कविता पठाउने मैले सूचना दिएपछि उहाँ २ वर्ष अघि कविता सुनाउनै मात्र खनारबाट काठमाडौँ आइपुग्नु भएको थियो।

थारु लेखक संघ नेपालको म संस्थापक केन्द्रीय अध्यक्ष छु। थारु लेखक संघ नेपालको संस्थापक सदस्य हुनुहुन्छ उहाँ। थारु लेखक संघ नेपालको आयोजनामा प्रत्येक वर्ष हुने थारु साहित्य राष्ट्रिय सम्मेलनमा उहाँको सार्थक उपस्थिति रहन्छ। यसपाली २०७८ फागुन १२ देखि १४ सम्म कञ्चनपुरको सिंहपुर गाउँमा भएको छैठौं थारु साहित्य राष्ट्रिय सम्मेलनमा सहभागी हुन उहाँ ३० घण्टाको बस यात्रा गरेर खनारबाट काठमाडौँ आइपुग्नु भयो। यहाँ पनि कविता वाचन गर्नु भयो, आफ्नो सक्रियता देखाउनु भयो।


म १३ वर्ष गोरखापत्र दैनिकमा थारु भाषाको पृष्ठ संयोजक रहेँ। उहाँ मलाई भेट्न काठमाडौँ, तीनकुनेको अन्नपूर्ण पोष्ट दैनिकमा आएपछि गोरखापत्र दैनिकमा थारु भाषाको पृष्ठमा निरन्तर लेख्न आग्रह गरेँ। उहाँले मेरो आग्रह शिरोधार्य गर्नुभयो। लेखको सङ्ख्या बढ्दै गयो।

मैले उहाँलाई थुप्रै पटक आग्रह गरेँ, सबै लेखको सङ्कलनस्वरुप पुस्तक प्रकाशन गर्नोस्। मलाई लाग्छ, त्यहीँ निरन्तर घच्घच्याईको कोसेली स्वरूप यो 'मोरङिया थारु' पुस्तक प्रकाशन सम्भव भयो।

यो पुस्तक चार खण्डमा विभाजित छ। पहिलो खण्डमा मोरङिया थारुको सामाजिक संरचना, मान्यजन, सामाजिक शासन, मान पदवी, वंश पंघतदेखि थारु गाउँको नामको विशेषता समेटिएको छ। दोस्रो खण्डमा मोरङको शासन ब्यवस्था, बस्ती बिस्तार, जनआन्दोलन पछिको अवस्था लगायत विषयबस्तु छ।

त्यस्तै, तेस्रो खण्डमा पूर्वीया थारु भाषा साहित्यको अवस्था, डिहवार थान पूजा, बहरजत्रा पूजा, अरबन्ही, सिरुवा पावन, गोठाले पावन लगायतबारे चर्चा छ।

विविध खण्ड नाम दिइएको चौथो खण्डमा थारुको जरजर अवस्था, थारु समाजमा विशेष दिन, बञ्चितीकरणमा थारु समुदाय लगायत विषयको उठान गरिएको छ।




पुस्तकको नाम 'मोरङिया थारु' राखिए पनि यसको तेस्रो र चौथो खण्डले पुस्तक मोरङका थारूबारे मात्रै केन्द्रीत नभई समग्र पूर्वीया थारूहरूको जनजीवनलाई नै एक ढंगले उजागार गरेको छ।

पूर्वी क्षेत्रबाट थारु भाषामा पुस्तक पत्रिकाको प्रकाशन अत्यन्त न्यून हुँदै गएकोमा रामसागरजीको यस पुस्तकले सागरबाट एक गागर पानी भए पनि त्यसको शीतलता अवश्य दिएको छ।

थारु भाषाको लेखनमा रामसागरजी र मेरो शैली मेल खाँदैन। तर हामी दुई मातृभाषा लेखनमा निरन्तर छौं। यस्तै मातृभाषामै लेखन कार्यको निरन्तरताले एक न एकदिन थारु भाषाको मानक लेखनशैली अवश्य बन्नेछ भन्नेमा हामी दुई विश्वस्त छौं। तर 'मोरङिया थारु' पुस्तकमा लेखनको कुन शैली अपनाइएको हो, प्रष्ट छैन। पूर्वीया थारु भाषीले मध्य-पूर्वीया लेखनशैली पुस्तिका तथा व्याकरण समेत प्रकाशन गरेका छन्।

तर यसले त्यसको 'फलो' गरेको छैन। बरु एउटै शब्द विभिन्न किसिमले लेखिँदा धेरै ठाउँमा दाँतमा ढुंगा लागेजस्तो महसुस हुन्छ। आगामी पुस्तकमा एउटा लेखनशैलीमा पुस्तक प्रकाशन गर्नुहुनेछ भन्ने आशा गरौं।

साहित्यिक कार्यक्रममा मात्रै होइन, सामाजिक, धार्मिक कार्यक्रममा समेत उत्तिकै सक्रिय रामसागरजीको जुनसुकै क्षेत्रमा पनि युवाहरु भन्दा पनि बढी खट्न सक्ने लगनशीलताको प्रमाण हो यो पुस्तक। उहाँको लगनशीलताबाट अरुले पनि उत्प्रेरणा लिन सक्नुपर्छ। मैले थाहा पाएको छु कि उहाँका अरु पनि धेरै पाण्डुलिपि थुप्रिएका छन्, ती पनि चाँडै पुस्तकाकारको रुपमा आऊन् शुभकामना।

# संगीतकार सन्तोष श्रेष्ठको उपन्यास फरैना विमोचन

काठमाडौं संगीतकार सन्तोष श्रेष्ठको फरैना उपन्यास सार्वजनिक भएको छ। शुक्रबार एक कार्यक्रमबिच अभिनेता राजेश हमाल, सांसद शान्ता चौधरी, गीतकार कृष्णहरि बराल, अधिवक्ता भीमार्जुन आचार्य तथा लेखक श्रेष्ठले संयुक्त रुपमा पुस्तक सार्वजनिक गरेका हुन्।

लामो समयदेखि सांगीतिक क्षेत्रमा सक्रिय श्रेष्ठको यो पहिलो उपन्यास हो। थारु समुदायकी कमलरी महिलाले भोग्नु परेको समस्यालाई केन्द्रमा राखेर लेखिएको फरैना पढ्दा आफू रोएको सुनाइन् सांसद शान्ता चौधरीले। उनले भनिन्, 'उपन्यास पढ्दै गर्दा मैले हरफ हरफमा आफ्नै चित्र भेटेँ, निरन्तर आँसु बगिरह्यो।' गीतकार कृष्णहरि बरालले उपन्यासमा मानवीय संवेदना र प्रकृतिको सुन्दर चित्रण गरिएको सुनाए।

अभिनेता राजेश हमालले मान्छेका हरेक संवेदनाहरुको चित्रण उपन्यासमा गरिएको भन्दै फरैना उपन्यासबारे भने, 'संवेदनालाई सरलीकरण गरिएको सुन्दर नमुना नै यस उपन्यासको विशेषता हो।' त्यस्तै संविधानविद् भीमार्जुन आचार्यले श्रेष्ठको उपन्यासको बनोट र बुनोट लोभलाग्दो भएको टिप्पणी गरे।




लेखक सन्तोषले उपन्यासलाई आफ्नो संवेदनाको प्रतिरुपका रुपमा अर्थ्याउँदै भने, 'मेरो मानसपटलमा लामो समयदेखि सल्बलाएको चेतनाले आख्यानको यो आकार ग्रहण गरेको हो।'

इन्डिगो इन्कबाट प्रकाशित यो उपन्यासको मूल्य ३ सय ९९ रुपैयाँ राखिएको छ।

## शाश्वत आकृति

-राधा कार्की



म देख्न सक्दिनँ
निमोठिएका हजारौं कोपिलाहरू
म देख्न सक्दिनँ
उखेलिएका सहस्र श्रीखण्ड र पारिजातहरू
म देख्न सक्दिनँ
धुवाँधुलोले छोपिएको शरीर
म देख्न सक्दिनँ
यो धर्तीको धमिलो आकृति।

रम्छु म प्रकृतिकै काखमा
जहाँ सपनाहरू फुलुन्
मनहरू सुसेल्दै लुकामारी खेलुन्
झुसिल्किराले काँचुली फेरुन्
र जिन्दगीले गाउन सकोस्-
प्रीतको मीठो गीत !
आहा !
कति छ्याङ्ग हुनेछ
यो इन्द्रेणी आकाशको अनुहार।

प्रकृतिको अँगालोमा बसेर
म लेख्न चाहन्छु
एउटा अलिखित इतिहास
जसका अध्यायहरू पढेर
ब्युँझन सकुन् शाश्वत आकृतिहरू।

# नेपाल-बंगलादेश स्रष्टा सम्मिलन सम्पन्न

काठमाडौं। अन्तरदेशीय साहित्यिक भेटघाट तथा अन्तक्रियाका लागि आएको बङ्गलादेशको साहित्यिक टोली आज स्वदेश फर्किएको छ। 'अभिव्यक्ति' द्वैमासिक साहित्यिक पत्रिकाको निमन्त्रणामा नेपाल भ्रमणमा आएका उनीहरू छ दिने कार्यक्रम समापन गरी स्वदेश फर्किएका छन्।

बङ्गलादेश-नेपाल मैत्री समाजका अध्यक्ष लायन मोसियुर अहमदको नेतृत्वमा साहित्यकारहरू डा. अन्वारा सैयद हक, प्रा.डा. दिलारा हाफिज, मोहम्मद मोसियुर रहमान, प्रा. सेलिसेन गुप्ता, गायक काजलकुमार बेनर्जी र सल्लाउद्दिन कुटु नेपाल आएका थिए। उनीहरुले काठमाडौँ, ललितपुर, भक्तपुर र पोखराका पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरूको भ्रमण गरेका थिए। सो




क्रममा उनीहरुले शताब्दी पुरुष सत्यमोहन जोशीसँग पनि भेट गरेका थिए। उनीहरुको सम्मानमा काठमाडौँमा नेपाल बङ्गलादेश स्रष्टा सम्मिलन समारोहको आयोजना गरिएको थियो।

उक्त समारोहमा 'अभिव्यक्ति' साहित्यिक पत्रिकाका संस्थापक तथा संरक्षक नगेन्द्रराज शर्माले स्रष्टाहरूमा हुने गरेको आपसी भ्रमणले दुवै देशको साहित्य बलियो हुने बताए। उनले बङ्गलादेशका सातै जना स्रष्टालाई सम्मानपत्र प्रदान गरेका थिए। 'अभिव्यक्ति'का प्रधान सम्पादक पवन आलोकको सभापतित्वमा भएको सो समारोहमा साहित्यकार रोचक घिमिरे, रामप्रसाद पन्त, प्रतीक ढकाल, प्राडा. लक्ष्मणप्रसाद गौतम, शङ्कर भारती, श्रीओम श्रेष्ठ 'रोदन' र यादव भट्टराईले नेपाल र बङ्गलादेशबीचको साहित्यिक तथा सांस्कृतिक बाँकी ६ पृष्ठमा

# यस्तो छ क्रसफायर र इटालिकाको दशैं अफर

काठमाडौं । नेपालमा एउटै वितरकले बिक्री गर्दै आएका क्रसफायर र इटालिकाले नेपालमा चाँडवाड नजिकिएसँगै नयाँ अफर सार्वजनिक गरेको छ । क्रसफायर र इटालिकाको नेपालका लागि आधिकारिक वितरक क्लासिक ह्विल्स एक्सपोर्ट एण्ड इम्पोर्ट प्रालिले 'दशैं अफर' नामकरण गर्दै अफर ल्याएको हो ।




ग्राहकले यि २ ब्राण्डका बाइक तथा स्कुटर खरिद गर्दा भाग्यशाली २ विजेताले मनाङ यात्राको लागि निशुल्क टिकट मिलाइदिने भएको छ । कम्पनीले बाइक तथा स्कुटर खरिद गर्दा हेल्मेटका साथ विभिन्न आकर्षक उपहार दिनेछ ।

कम्पनीले आयोजना गर्ने भदौ २६ देखि असोज ३१ गतेसम्म हुने राइड कार्यक्रमका लागि निशुल्क दर्ता गरिदिने कम्पनीले जनाएको छ ।

अफर अन्तर्गत कम्पनीले नगद छुटका साथ विभिन्न पुरस्कारहरु बाइक वा स्कुटर खरिद गर्ने ग्राहकलाई प्रदान गर्नेछ । ग्राहकले इटालिका मोटो फर्मूला, स्टालियन र नेभडाको खरिद गर्दा १० हजार रुपैयाँसम्मको छुट पाउँनेछन् । साथै, ग्राहकले क्रसफायरको एचजे २५० डार्क एडिसन र ट्रेकर २५० खरिद गर्दा १५ हजार रुपैयाँसम्मको छुट प्राप्त गर्नेछन् । कम्पनीले अफर अन्तर्गत एक्सचेन्ज अफरमा मूल्यांकनको आधारमा २० हजार रुपैयाँ प्रदान गर्ने जनाएको छ ।

# सन् २०२३ मा एक दर्जन बढी नयाँ इलेक्ट्रीक कार नेपाल आउने

काठमाडौं । विद्युतीय कार नेपालमा सर्वाधिक चर्चामा रहेको सवारीसाधन हो । विशेषत भारतीय सवारी उत्पादकको बर्चश्व रहेको हाम्रो जस्तो देशमा विद्युतीय साधनको माध्यमबाट चिनियाँ उत्पादनको आयात पनि बढ्दै गएको




छ । सहज आवतजावत, भाषागत सहजता र समान भौगोलिक अवस्थाको कारण भारतमा बनेका कार नेपालमा धेरै रुचाईन्छ । सन् २०२३ मा भारतमा गाडी उत्पादन गर्ने विभिन्न उत्पादकले विद्युतीय गाडी ल्याउने तयारी गरिरहेको कारण नेपालमा पनि विद्युतीय कारमा छनोट बढ्ने देखिन्छ ।

सन् २०२३ लाई ध्यानमा राखेर भारतीय उत्पादक टाटा र महिन्द्राले टियागो र एक्सयूभी ४०० बजारमा ल्याउने छन् । टाटा टियागो ईभी सन् २०२३ को अन्त्यसम्ममा बजारमा आउने छ भने, महिन्द्राको एक्सयूभी ४०० अबको ४ महिनापछि विक्री सुरु हुनेछ । यी दुबै मोडल नेपाल आउने छन् ।

यी दुई ब्राण्ड बाहेक फ्रेन्च ब्राण्ड सिट्रोनले आफ्नो सिथ्रीको इलेक्ट्रीक भर्सन बजारमा ल्याउने छ । मार्च २०२३ मा बजारमा आउने बताइएको सिथ्री ईभी साना एसयूभी चाहनेको रोजाईमा पर्ने देखिन्छ ।

यसका अलावा कोरियन ब्राण्ड हुन्डाई र कियाले पनि सब कम्प्याक्ट एसयूभी सेग्मेन्टमा रहेका भेन्यू र सानेटलाई ईभीको रुपमा बजारमा ल्याउने छन् । यी दुबै एसयूभीले टाटा नेक्सनसँग प्रतिस्पर्धा गर्ने छन् ।

अमेरिकी कम्पनी जीपको एभेन्जर एसयूभी पनि ईभीमा आउने छ । सन् २०२३ को मध्येसम्ममा एभेन्जर ईभी नेपाल नै आउने छ । साथै, रेनोको क्वीड ईभी पनि सन् २०२३ मा नेपाल आउन सक्ने मोडल हो । बीवाइडी डल्फिन र सिल, एमजी फोर र एमजी सिटी कार पनि सन् २०२३ मा नेपाल आउने छन् । अधिकांश ब्राण्डल नयाँ पाइपलाइनमा राखेका मोडलहरु नेपाल आउने भएको कारण ग्राहकले धेरै छनोट पाउने छन् ।

# नेपाल वाल प्लास्टका ड्राइ मोर्टारहरु बजारमा

काठमाडौ । दक्ष जनशक्ति र गुणस्तरीय निर्माण सामग्रीको पहुँच घरघरमा पुऱ्याउने लक्ष्यसहित नेपालको सबैभन्दा कुशल उत्पादकको रुपमा परिचित हुन




नेपाल वाल प्लास्ट इन्डस्ट्रिज प्रालिले आफ्ना उत्कृष्ट उत्पादनहरु बजार मा ल्याएको छ ।

घर निर्माण गर्दा निर्माण सामाग्री विशेष गरी सिमेन्ट तथा बालुवाको गुणस्तरमा पर्याप्त जानकारी नहुने समस्या विद्यमान रहेको छ । माटो, स्लिट तथा अन्य अनावश्यक वस्तुहरु मिसिएको बालुवाको प्रयोगले मिश्रण बलियो नहुनु, दक्ष जनशक्तिको अभाव, मिश्रणमा एकरुपता नहुने, ढुवानी तथा भण्डारणको समस्या, निर्माण कार्य समयमै पुरा गर्न नसकिने, भविष्यमा संरचनाबाट पानीको चुहावटको समस्या, क्र्याकको समस्या तथा अन्य निर्माण कार्य सम्बन्धित समस्याहरु समाधान गर्न नेपाल वाल प्लास्टले आफ्ना उत्पादनहरु बजारमा ल्याएको हो ।

निर्माण र उत्पादनको क्षेत्रमा लामो अनुभव हासिल गरेको व्यवस्थापन टोलीद्वारा स्थापित यस नेपाल वाल प्लास्ट इन्डस्ट्रिज प्रालिले बालकुमारी हार्डवेयर नैकापको सहकार्यमा कम्पनीको म्यासकट अनावरण तथा उत्पादनहरुको अभिमुखीकरण कार्यक्रम आयोजना गरि कम्पनीले जानकारी दिएको छ ।

चन्द्रागिरी नगरपालिकाका नगर प्रमुख घनश्याम गिरीको प्रमुख आतिथ्य तथा उपप्रमुख बसन्ती श्रेष्ठको बिशिस्ट आतिथ्यमा सम्पन्न भएको सो अनावरण कार्यक्रममा कम्पनीका संचालकहरु, डिलर, इन्जिनियर तथा निर्माणकर्ताहरु गरी १८० बढीको उपस्थिति रहेको कम्पनीले जनाएको छ ।

अत्याधुनिक कारखानामा इटालियन उच्च प्रबिधि तथा कम्प्युटराइज्ज प्रणाली र अनुभवी दक्ष प्राबिधिक जनशक्तिद्वारा उत्पादित हुने वालप्लास्ट, इटालियन वर्नरको साथ थ्री रिट्र्न सिलिङ ड्रायर भएको पुणर् स्वचालित प्लान्टबाट १०० प्रतिशत, धुलो माटोर हित ग्रेडिङ गरिएको बालुवा, अन्तर ाष्ट्रिय गुणस्तरको सिमेन्ट र विशेष पाउडर तथा अन्य सामग्री मिश्रण गरि निर्माण गरिएको तयारी मोर्टार नेपाली निर्माण बजारका लागि नौलो उत्पादन रहेको कम्पनीले उल्लेख गरी पठाएको हो ।

कम्पनीले उत्पादन गरेको पाँच थरिका उत्पादित ड्राइ मिक्स मोर्टारको बारेमा जानकारी दिनका लागि कार्यक्रमको आयोजना गर्न गरिएको कम्पनीले जनाएको छ ।

उद्योगले आफ्ना उत्पादनको बिशेषताहरु, प्रयोग विधि, कम्पनीको उद्देश्य आदिका बारेमा प्रष्ट पार्ने कार्यक्रमसमेत रहेको उल्लेख छ ।

नेपालमा ड्राइ मिक्स मोर्टार नयाँ र नौलो उत्पादन हो । यसको निर्माण क्षेत्रमा अवसर हेर्दै ग्राहकसामु आफ्नो उत्पादन पुऱ्याउन तथा निर्माण क्षेत्रको व्यापक विश्लेषण गर्दै यसलाई प्रभावकारी बनाई दीर्घकालीन रूपमा आफ्नो व्याबसायिक प्रतिष्ठा जोगाउन लागि पर्ने पनि कम्पनीले दावी गरेको छ ।

कम्पनीले न्यून कार्वन मान्यतालाई कठोरताका साथ पालना गर्ने हुँदा उपभोक्ता, समुदाय र समाजको स्वास्थ्यप्रति पूणर् प्रतिबद्ध रही आफ्ना उत्पादनलाई बजारमा ल्याउने बताइएको छ ।

उत्पादन तथा बजार व्यवस्थापनमा विविध चुनौति रहेता पनि आफ्ना उत्पादनका बिशेषताहरुले गर्दा हरेक समस्यालाई चिर्दै अगाडि बढ्ने कम्पनीको प्रतिबद्धता रहेको उल्लेख गरेको छ ।

कम्पनीले आफ्ना उत्पादनको गुणस्तर र विशेषताबारे स्पष्ट पार्दै पानी राख्नासाथ प्रयोग गर्न मिल्ने, जसले गर्दा समयको बचत तथा मितव्ययी हुने, उत्पादकत्वमा वृद्धि हुन गई कम लागतमा काम सम्पन्न हुने हुँदा उत्पादनको बजार मूल्य सस्तो हुने जनाउँदै, मेसिन मिक्स भएका कारण एकनासको गुणस्तर रहिरहने कम्पनीको दावी रहेको छ ।

# हिरोले ल्याउँदै नयाँ स्कुटर

काठमाडौं । हिरो मोटोकर्पले नयाँ स्कुटर ल्याउने भएको छ । कम्पनीले ११० सीसी क्षमताको 'मेष्ट्रो जुम' नामबाट स्कुटर बजारमा ल्याउने भएको हो । कम्पनीले हाल मेष्ट्रो एज ११० र मेष्ट्रो १२५ एज विक्री गर्दै आएको छ । हिरो मोटोकर्पले यसअघि नै मेष्ट्रो १२५ एजमा कनेक्ट फिचर थप गरेर ल्याइसकेको छ भने हाल कम्पनीले नयाँ डिजाइनमा स्मार्ट कनेन्टसहिटको मेष्ट्रो जुम ११० ल्याउने तयारी गरेको हो । नयाँ मेष्ट्रो जुममा फरक डिजाइनको सिंगल पिस सिग्नेचर एलइडी हेडल्याम्प दिइएको छ । त्यस्तै, यसको एप्रोनमा टर्न इन्डिकेटर पाउन सकिन्छ । साथै, डे टाइम रनिङ लाइटसमेत थप भएर आउने छ । नयाँ मेष्ट्रो जुम ११० पहिलाको तुलनामा एग्रेशिभ डिजाइनमा देखिएको छ । यो स्कुटरमा फुल डिजटल इन्स्ट्रुमेन्ट क्लष्टर दिइएको छ । ब्लुटूथ कनेक्टिभिटी समेत पाउन सकिने मेष्ट्रो जुम ११० को दुबैतर्फ १२ इन्चको अलोय ह्वील उपलब्ध रहेको छ । मेष्ट्रो ११० एजमा १० इन्चको ह्वील छ । त्यस्तै यसमा सिग्नेचर एलइडी ब्रेक दिइएको छ । यो स्कुटरमा ११०.९ सीसी सिंगल सिलिन्डर एफआई इन्जिन रहेको छ । यो इन्जिनले ७५०० आरपीएममा ८ बीएच पावर तथा ५५०० आरपीएममा ८.७५ एनएम टर्क जेनेरेट गर्छ । हिरोले यसमा आइ३एस टेक्नोलोजीको प्रयोग गरेको छ जसका कारण फ्यूलको बचत गर्न मद्धत पुग्छ ।

# बजाजले खोल्यो एनएस १२५ को बुकिङ, यस्तो छ मूल्य

काठमाडौं । गत वर्ष भारतीय बजारमा सार्वजनिक भएको बजाज एनएस १२५ नेपाल आउने भएको छ । नेपाल आउने पक्का भएसँगै एनएस १२५ को बुकिङसमेत खुल्ला गरिएको हो । बजाज मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता कम्पनीले एनएस १२५ को मूल्य २ लाख ७९ हजार ९०० रुपैयाँ निर्धारण गरेर बुकिङ खुल्ला गरेको हो ।

नेपालभर रहेको बजाजको शोरुमबाट एनएस १२५ बुकिङ गर्न सकिने कम्पनीले जनाएको छ भने केही समय पश्चात डेलिभरी सुरु हुनेछ ।

पल्सर सिरिजकै सबैभन्दा सानो मोटरसाइकल एनएस १२५ एनएस सिरिजकै बडी डिजाइनमा तयार गरिएको छ । एनएस १२५ मा १२४.४५ सीसीको सिंगल सिलिण्डर एयरकुल्ड, २ भल्भ इलेक्ट्रोनिक्स एफआई इन्जिनको प्रयोग गरेको छ । उक्त इन्जिनले अधिकतम १२ पीएस पावर र ११ एनएम टर्क प्रदान गर्छ । यसमा ५ स्पीडको गियरबक्स दिइएको छ ।

एनएस १२५ को अगाडि टेलिस्कोपिक फर्क र पछाडि निट्रो मोनोशक रहेको मोटरसाइलको अगाडि २४० एमएमको डिस्क र पछाडि १३० एमएमको ड्रम ब्रेक दिइएको छ । कम्बी ब्रेकिङ सिस्टम, १७ इन्चको अलोय ह्वील, १२ लिटरको इन्धन ट्याङ्क, १७९ एमएमको ग्राउन्ड क्लियरेन्स यसमा पाउन सकिन्छ ।

## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन् ।
त्यसैले:
- खोला, धारा वा मूलको पानी सिधै प्रयोग नगरौं,
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस